वर्ष : २०, अंक : ३२, काठमाडौं, २०८१ माघ ४ गते शुक्रबार, 17 January, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## जसपा नेपालको आयव्यय सार्वजनिक




काठमाडौं । जनता समाजवादी पार्टी नेपालले निर्वाचन आयोगमा पेश गरेको लेखा परिक्षणको प्रतिवेदन सार्वजनिक गरेको छ । सोमबार जसपा नेपालले आ.ब. २०८०/०८१ को पार्टीको आयब्यय विवरणसहितको लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गरेको हो ।

राजनीतिक दलहरुले निर्वाचन आयोगमा पेश गरेको लेखा परिक्षणको प्रतिवेदनलाई पार्टी कार्यालयको बेबसाइड, सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक गर्नुपर्ने प्रावधान छ । आयोगको कानून अनुसार पार्टीको लेखा परिक्षण तोकिएको समयावधिभित्रै सार्वजनिक गरिएको सूचना तथा सञ्चार विभागका महेश चौरसियाले जानकारी दिए ।

## थ्रेसहोल्ड बढाउन खोजिए लोसपाले संघर्ष गर्ने : महासचिव डा.झा




विराटनगर । नेपाली कांग्रेस र नेकपा (एमाले)ले थ्रेसहोल्ड बढाउन खोजिए आफूहरु संघर्षमा सत्तारुढ दल लोकतान्त्रिक समाजवादी पार्टी नेपालले चेतावनी दिएको छ । विराटनगरमा शनिबार लोसपा मोरङ कार्यसमितिले आयोजना गरेको अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम तथा सदस्यता वितरण अभियानमा लोसपाका केन्द्रीय महासचिव डा.सुरेन्द्र झाले यस्तो चेतावनी दिएका हुन ।

थ्रेसहोल्ड बढाउनु संविधानको मर्मविपरीत रहेको जिकिर गर्दै महासचिव डा.झाले भने, 'थ्रेसहोल्ड बढाएर अल्पसंख्यक तथा उपेक्षित समुदायलाई अधिकारबाट वञ्चित गर्न खोजिँदैछ, जुन संविधानको अवधारणा र मर्मविपरीत हुनेछ ।'

उनले संविधान संशोधनबारे प्रधानमन्त्रीको अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् ।

उनले संविधान संशोधनका बुँदासहित वर्तमान सत्ता गठबन्धन निर्माण भएको भन्दै सबैसँग वार्ता र सम्वादमार्फत साझा धारणा बनाउनुपर्ने जिकिर गरे ।

साथै, उनले लोसपा नेपाल अहिले महाधिवेशनमय भएको बताउँदै ठोसरुपमा संगठन सुदृढ गर्दै प्रक्रिया अघि बढिरहेको जानकारी दिए ।

अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम तथा सदस्यता वितरण अभियानको अध्यक्षता मोरङ जिल्ला अध्यक्ष मो.कादिरले गरेका थिए ।

## मधेशी एकता समाजको नयाँ अन्तर्राष्ट्रिय समिति गठन



काठमाडौं । मधेशी समुदायलाई विश्वव्यापी रूपमा एकताबद्ध गर्ने उद्देश्यले स्थापना गरिएको मधेशी एकता समाजको अन्तर्राष्ट्रिय समितिको विशेष अधिवेशन शनिबार सम्पन्न भएको छ । जुम बैठकद्वारा सम्पन्न अधिवेशनले नयाँ नेतृत्वको घोषणा गर्नुका साथै संगठनका मुख्य उपलब्धिहरू र आगामी योजनाहरू पनि सार्वजनिक गरेको छ ।

समाजका संस्थापक डा. रवीन्द्र कुमार यादव (युएई)को नेतृत्वमा नयाँ अन्तर्राष्ट्रिय समिति गठन गरिएको छ । समितिको वरिष्ठ उपाध्यक्षमा प्रा. डा. राजीव कन्ठ (फिनल्यान्ड), महासचिवमा अन्तरिक्ष वैज्ञानिक मुकेश झा (युएई), कोषाध्यक्षमा जैव रसायनशास्त्री अनिल कुमार साह (अमेरिका) र प्रवक्तामा शिक्षाविद् एवं अधिवक्ता दीपेन्द्र चौबे (भारत) चयन गरिएका छन् ।

यस्तै उपाध्यक्षहरुमा कम्प्युटर इन्जिनियर सुजित कुमार ठाकुर (भारत), व्यापार विकास विशेषज्ञ मोहम्मद तनवीर आलम (युएई), जैव रसायन वैज्ञानिक डा. लोकेन्द्र यादव (नेपाल), शशी बाबु यादव (अमेरिका), नवीन चौधरी (डेनमार्क), ई.राजीव झा (कतार), चार्टर्ड एकाउन्टेन्ट नेहाल उज्जमान (साउदी अरेबिया) र ई. लखिन्दर यादव (जापान) रहेका छन् । उपमहासचिवमा ई. सुरेश कुमार यादव (युएई), उप-प्रवक्तामा ई.शैलेन्द्र कुमार राय (युएई) र उप-कोषाध्यक्षमा चार्टर्ड एकाउन्टेन्ट जिवछ साह (युएई) र उप-कोषाध्यक्षमा

बाँकी अन्तिम पृष्ठमा

### तराई-मधेशकेन्द्रित दलहरूको कार्यदलस्तरीय पहिलो बैठकको निष्कर्ष:

# 'संविधान संशोधनमा साझा धारणा बनाइने'



काठमाडौं । तराई-मधेशकेन्द्रित राजनीतिक दलहरूको कार्यदलस्तरीय पहिलो बैठक सम्पन्न भएको छ । माघे संक्रान्तिको अवसरमा काठमाडौंको धुम्बाराहीस्थित समर्पण एकेडेमीमा मंगलबार दिउँसो भएको मधेश केन्द्रित राजनीतिक दलहरूको कार्यदल स्तरीय बैठकमा सरकारको काम र आगामी रणनीतिको विषयमा छलफल भएको हो ।

बैठकले संविधान संशोधनमा साझा धारणा बनाउने र वार्ता समितिलाई सक्रिय बनाउने २ बुँदे सहमति गरेको छ । संविधान संशोधन गर्दा मधेशका मुद्दालाई सशक्त रूपमा सम्बोधन गर्नुपर्ने भएकाले साझा धारणा बनाएर अघि बढ्ने कार्यदलका नेताहरुको निष्कर्ष रहेको थियो ।

'विभिन्न कारणवश मधेश केन्द्रित दलहरू विभाजित भएकाले अब सहकार्य गर्ने प्रण गरिएको छ । वार्ता समितिलाई सक्रिय बनाएर अघि बढ्ने सहमति भएको छ,' जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष हृदयेश त्रिपाठीले भने, 'आज प्रारम्भिक बैठक मात्रै हो, आगामी बैठकमा साझा एजेण्डा तय हुन्छ, साझा विचार आइहाल्छ, सहकार्यलाई सार्थक बनाउन बैठक नियमित बस्छौं ।'

देशलाई २ दलीय प्रणालीमा लैजाने विषय उठाउँदा देशलाई नै असर गर्ने बैठकको ठहर छ । उनले भने, 'बैठकमा सत्तारुढ दलहरूले २ दलीय प्रणाली लैजाने विषय उठाउँदा देशलाई नै असर गर्ने काम भइरहेका छन्, थ्रेसहोल्डका कुरा उठाइएको छ । यो विषयमा पनि आगामी दिनमा छलफल हुन्छ ।'

'अब छिट्टै सबै दलको कार्यदलको संयुक्त बैठक बस्छौं। त्यही बैठकबाट कुन-कुन एजेन्डाका लागि 'लूज एलायन्स' गर्ने भन्ने विषयको मस्यौदा गर्न उपस्थित भएका नेताहरूबाटै एउटा उपसमिति बनाउँछौं,' त्रिपाठीले थपे, 'त्यसपछि 'लूज एलायन्स'को विषयमा एउटा आचारसंहिता पनि बनाउने कुरा होला ।' त्यस बैठकबाट अनुमोदन हुने वा मस्यौदा हुने एजेन्डालाई पछि सबै दलका अध्यक्षले अन्तिम रूप दिने उनले बताए ।

राष्ट्रिय मुक्ति पार्टीका नेता केशव झा त्यो 'लूज एलायन्स'को नाम के हुने, कुन-कुन एजेन्डाका लागि बन्ने भन्ने विषयमा आ-आफ्ना दलमा गृहकार्य गरेर आउने सहमति भएको बताउँछन् ।

'मधेशकेन्द्रित राजनीति गर्ने दलका नेताहरूबीच सार्वजनिक रूपमा एक आपसमा संवाद समेत नहुने गरेकाले वर्तमान अवस्थामा कम्तीमा एक ठाउँमा बस्नका लागि नै भएपनि प्लेटफर्म तयार हुनु पोजिटिभ स्टेप हो,' झाले लोकान्तरसँग भने, 'शीर्ष नेताका बीच गोप्यरूपमा वान टु वान कुराकानी भएको पनि हुनसक्छ । तर, नेताहरू कुनै पनि एजेन्डाका लागि सार्वजनिकरूपमा बसेर सैद्धान्तिकरूपमा संवाद बन्द भएको अवस्थामा 'लूज एलायन्स' हुनु अत्यन्त सकारात्मक हो ।'

मधेश केन्द्रित दलहरू अब मोर्चा बनाएर अघि बढ्ने भन्दै उनले आगामी बैठकमा साझा एजेण्डा तयार गरिने बताए । बैठकमा संसद्मा प्रतिनिधित्व गर्ने दलदेखि संसद बाहिर रहेका तराई-मधेशकेन्द्रित दलका वार्ता टोली सदस्यहरु सहभागी थिए ।

संसदभित्रका उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, डा. चन्द्रकान्त (सीके) राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी तथा संसद् बाहिरका त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी र वृषेशचन्द्र लाल नेतृत्वको तराई-मधेश लोकतान्त्रिक पार्टीबीच 'लूज एलायन्स' गर्ने सहमति भएको हो । उक्त बैठकमा स्वतन्त्र सासंद डा. अमरेशकुमार सिंह पनि उपस्थित थिए ।

बैठकमा जनमत पार्टीबाट प्रवक्ता डा. शरदसिंह यादव, लोसपाबाट महासचिवद्वय डा. सुरेन्द्र झा र मनिष मिश्र, जसपाबाट नेत्री रेणु यादव, राष्ट्रिय मुक्ति पार्टीबाट नेताहरू केशव झा र अनिल महासेठ, तमलोपाबाट वृजकिशोर सिंह तथा जनता प्रगतिशील पार्टीबाट डा. शिवजी यादव, ईश्वरदयाल मिश्र, मोहम्मद साविर हुसेनलगायत नेताहरू सहभागी थिए ।

उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टीबाट माघ १ गतेको बैठकमा कुनै प्रतिनिधि उपस्थित थिएनन् ।

## मधेशका विभिन्न समुदायबीच एकता नगरी मधेशी एकता असम्भव : सिंह



काठमाडौं । मधेशमा रहेका विभिन्न समुदायबीच एकता नगरी मधेशी एकता सम्भव नरहेको दाबी राष्ट्रिय पिछडावर्ग महासंघका अध्यक्ष कौशल कुमार सिंहले गरेका छन् ।

अध्यक्ष सिंहले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, 'मधेशी समुदायका सबभन्दा ठूलो समुदाय पिछडावर्ग (ओबीसी) आफ्नो अधिकारका लागि दशकौंदेखि संघर्ष गर्दैआइहेका छन् । संविधान लगायत धेरै संवैधानिक ठाउँमा आफ्नो अधिकार लेखाउन सफल पिछडावर्ग आफ्नो समान सहभागिताका लागि संघर्ष गरिरहेका छन् । यस्तो बेलामा मधेशी एकतालाई बलियो बनाउन मधेशका सबै उत्पीडित समुदायहरु एक हुनुपर्ने बेला आएको छ ।' हाल मधेशमा एकताको आवाज उठिरहेको बेला केही पक्षले मधेशका सबै पक्षलाई नसमेटि राजनीतिक लाभको आधारमा मात्र मधेशी दलहरुको एकताको प्रयास थालेको छ । जसले केही लाभ मधेशले पाए पनि पूर्ण अधिकार प्राप्त गर्न नसक्ने उनले दाबी गरेका छन् ।

'त्यसैले मधेशमा रहेका विभिन्न समुदायबीच एकता नगरी मधेशी एकता संभव हुँदैन् । मधेशमा रहेका पिछडावर्ग (इद्यऋ) दलित, आदिवासी जनजाति, मुस्लिम र थारुबीच मधेशको अधिकारबारे मिहिन रुपमा विश्लेषण नगरी मधेशी दलहरुले सत्ता स्वार्थको लागि मात्र गरिने मधेशी एकताले ठोस परिणाम दिन सक्दैन् ।', उनले भनेका छन् ।

मधेशका बहुसंख्यक यि समुदायहरुको अधिकार, पहिचान र सहभागिताको सुनिश्चितता नगरी उनीहरुलाई सत्ताधारी दल जस्तै मधेशी दलहरुले पनि भोटर कै रुपमा प्रयोग गर्ने नियतका कारण मधेशका सबै समुदाय मधेशी मुद्दामा एक हुन नसकेको तथ्यलाई मनन गर्नुपर्ने अहिलेको आवश्यकता रहेको छ ।

बाँकी अन्तिम पृष्ठमा

## नेपाल-भारत वाणिज्य सचिवस्तरीय संयन्त्र (आइजीसी) को बैठक सम्पन्न

काठमाडौं । नेपाल-भारत वाणिज्य सचिवस्तरीय संयन्त्र (आइजीसी) को बैठक काठमाडौंमा सम्पन्न भएको छ ।

नेपाल–भारत वाणिज्य सचिवस्तरीय बैठकको लागि काठमाडौं आएको सिआईआई प्रतिनिधि मण्डलसँग महासंघले दुई पक्षिय बैठक गरेको हो । दुई पक्षिय वार्तामा नेपालका तर्फबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल र भारतीय प्रतिनिधि मण्डलको नेतृत्व संयक्त मञ्चका सहअध्यक्ष सेन्थीलकुमाले गर्नुभएको थियो । दुई पक्षिय वार्तामा व्यवसायीहरुले व्यवसायिक वातावरण बनाउन आवश्यक काम गर्ने समझदारी बनाउन सरकारहरुलाई दबाब दिने निर्णय गरेका छन् ।

नेपाली व्यवसायीहरुले भन्सार बिन्दमा हुने गैरभन्सार कर र गतिविधि, नेपाली गुणस्तर चिन्ह प्राप्त वस्तु र सेवाले भरतमा निर्वाध काम गर्न पाउने व्यवस्था गर्न भारतीय सरकारलाई सुझाव दिन सिआइआई प्रतिनिधि मण्डललाई आग्रह गरेको छन् । नेपालमा लगानीको वातावरण राम्रो रहेको सन्देश भारतीय उद्योगी व्यवसायीहरुहरुलाई दिन पनि अनुरोध गरेका छन् ।

नेपालको प्रमुख शहर भैरहवा र पोखरालाई हवाई कनेक्टिभिटीमा जोड्न पहल गर्न आग्रह गरेको उद्योग वाणिज्य महासंघका महानिर्देशक गोकर्ण अवस्थीले जानकारी दिए । छलफलमा भारत निर्यात हुने नेपाली वस्तुको अवरोधलाई हटाउन भारतीय पक्षको सहयोगलाई विशेष रुपमा उठाइएको बताए । बैठकमा जलविद्युत र नवीकरणीय ऊर्जा, पर्यटन र कनेक्टिभिटी,व्यापार र सीमापार लगानी, कृषि, सूचना प्रविधि र डिजिटल सहयोग आदानप्रदान,पूर्वाधार विकास, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन (फिटा) संशोधन,अटोमोबाइल, औषधि र रसायन उद्योग, ज्ञान साझेदारी र सीप विकासका क्षेत्रमा सहकार्यमा जोड दिइएको पनि बताए ।

बैठकमा नेपालका उद्योग र व्यापार क्षेत्रका अधिकांश मुद्दाहरु उठाएको बताए । जलविद्युतको उत्पादन १० हजार मेगावाट भारतमा निर्यात गर्ने, विष्फोटक पदार्थहरुको सहज उपलब्धताका बारेमा पनि कुरा राखेको बताए । कृषिजन्य सामग्रीहरुमा भारतले लगाएको परिणामात्मक बन्देज नेपालका लागि हुन नहुने विषयमा पनि छलफल गरेको र छलफल सकारात्मक रहेको बताए ।

बैठकमा दुई देशबीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई अझ प्रगाढ बनाउने तथा नेपाल भारत व्यापारमा देखिएका समस्या समाधानका लागि दुवै पक्षले पहल गर्ने सहमति भएको छ । नेपाल र भारतका प्रतिनिधिहरू सहभागि बैठकले द्विपक्षीय सम्बन्धले व्यापार, लगानी, उर्जा सहयोग, विकास साझेदारी र जनताबीचको आदान–प्रदानलगायतका विभिन्न क्षेत्रलाई समेटेको बताइएको छ । नेपाल भारतका उद्योगी व्यवसायीहरुको छाता संगठनका रुपमा रहेका दुई संस्थाले नेपाल–भारत संयुक्त व्यवसायी मञ्च (जेबिएफ) बनाएर विभिन्न विषयहरुमा वार्ता गर्दै आएका छन् ।

## सम्पादकीय



# मधेश विद्रोहको १८ वर्ष

माघ ५ लाई मधेशले 'बलिदानी दिवस'को रूपमा सम्झने गरेको छ। सुरूका दिनमा बलिदानी दिवसको अवसरमा खुब तामझामका साथ दिवसको स्मरण गरिन्थ्यो भने विस्तारै त्यो विस्मृत हुँदै गएको छ। किनभने आन्दोलन जति पुरानो हुँदै जान्छ त्यो आन्दोलनको विरासत पनि कमजोर हुन्छ। केही वर्षअघिसम्म बलिदानी दिवस मनाउन मधेशी दलहरूबीच अघोषित प्रतिस्पर्धा नै हुन्थ्यो भने अहिले वास्तै गर्न छाडिसकेका छन्। यस्तो लाग्छ मधेशका कुनै आन्दोलन नै भएको थिएन।

२०६३ सालमा अन्तरिम संविधान जारी भएलगत्तै काठमाडौंको माइतीघरमा तात्कालीन मधेशी जनअधिकार फोरमले अन्तरिम संविधानको प्रतिलिपि जलाएको थियो। संविधानको प्रतिलिपि जलाएको आरोपमा फोरमका अध्यक्ष उपेन्द्र यादव सहितका दर्जन बढी नेता गिरफ्तार भए। नेताको गिराफ्तारीको विरोधमा मधेशका जिल्लाहरूमा आन्दोलन सुरू भयो। राजमार्गमा टायर बालेर सुरू भएको जक्काजाम आन्दोलन माघ ५ गते लहानबाट जनविद्रोहको रूपमा मधेशभर फैलियो।

२०६३ माघ ५ गते सिरहाको लहानमा तत्कालीन नेकपा माओवादी कार्यकर्ताले चलाएको गोलीबाट रमेश महतोको निधनको भएको थियो। त्यससँगै मधेश आन्दोलन उठेको हो। त्यही आन्दोलनबाट धेरै मधेशी नेताको उदय भएको र उनीहरू स्थापित पनि भए। धेरै मन्त्री पनि भए। तर मधेशी जनताले के पाए भन्ने प्रश्नको जबाब अहिले पनि मधेशले खोजिरहेको छ।

त्यो बेला मधेश आन्दोलन मधेश विद्रोहको रूप लिनुको पछाडि माओवादीको गोली कारण बनेको थियो जसले मधेशको भावना भडकाउन मद्दत गऱ्यो। तर २०६३ पछि २०७२ को ९ वर्षको अवधिमा मधेशले दुईवटा आन्दोलन पनि गर्नु पऱ्यो।

राजनीतिक रूपमा मधेश आन्दोलनको सफलता भनेको संघीयता हो जुन मधेश आन्दोलनकै कारण तत्काल संविधानमा सुनिश्चित भएको छ। पहिलो मधेश आन्दोलनले राजनीतिमा जुन उथलपुथल ल्यायो त्यसैको फलस्वरूप नेपाल संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल बन्न पुगेको छ।

माघे मधेश आन्दोलनपछि मधेशले राजनीतिक र सामाजिक अधिकार प्राप्तिका सवालमा धेरै उपलब्धि हासिल गरिएको विवेचना पनि गरिन्छ।

मधेशी जनताको रगतको बलमा मुलुकमा संघीयता, पहिचान, धर्मनिरपेक्षता, समावेशी-समानुपातिकसहितका मुद्दा स्थापित भएको छ। तर यति लामो समय बितिसक्दा पनि मधेशको अवस्थामा भने कुनै तात्विक अन्तर आएको देखिँदैन। मधेशले बगाएको रगतको मूल्य चुक्ता भएको छैन।

संघीयताका लागि मधेशमा ठूलो जनविद्रोह भयो। २०६३ सालमा सुरु भएको मधेश जनविद्रोह संविधान जारी हुँदासम्म ३ पटक मधेशले आन्दोलन गर्नु पऱ्यो। दर्जनौं मधेशी जनताले आफ्नो ज्यानको वलिदानी दिए, सयौं घाइते, अशक्त भए। सयौं नागरिकहरु अहिले पनि आन्दोलनकै कारण जेलमा छन्। यति महँगो मूल्य चुकाएर भएको विद्रोहको उपलब्धी के ? जानकारहरुको भनाइमा मधेशले पाएको उपलब्धी राजनीतिक भएपनि त्यसलाई संस्थागत गर्न मधेशी दल असफल छन्।

यद्यपी मधेश विद्रोहकै बलमा संघीयता स्थापित भएको हो र फलस्वरुप मधेश प्रदेशमा मधेशी दलको सरकार रहेको छ। तर मधेश आन्दोलनको बलमा बनेको मधेश सरकारले पनि मधेश विद्रोहको मर्मलाई बुझ्न नसकेको टिप्पणी भइरहेको छ।

मधेश प्रदेशमा मधेशी दलले सरकार बनाउन सक्नुमा मधेश आन्दोलनमा मधेशी जनताले दिएको सहादत नै महत्वपूर्ण हो। मधेश प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले मधेश आन्दोलनका शहीद परिवार र घाइतेका परिवारको हितका लागि महत्वपूर्ण निर्णयहरु गरेको थियो तर आजसम्म आउँदा यसबाट लाभान्वित हुनेको संख्या न्यून छ।

२०६३ माघ ५ गते का दिन सिरहाको लहानमा रमेश महतोले मधेशको लागि दिएको शहादतबाट मधेश आन्दोलनले उत्कर्ष प्राप्त गरेको थियो। तसर्थ यो दिन नेपालको इतिहासमा खास गरेर मधेशी जनताको मानसपटलमा वलिदानी दिवसको रुपमा मनाइँदै आइएको छ।

यसै दिन मधेशीको पहिचान, स्वाभिमान र आत्मसम्मानको लागि आन्दोलनको सूत्रपात भएको दिनको रुपमा सम्झिने गरिन्छ। माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेश आन्दोलनको उत्कर्षले नै नेपाललाई संघीय मुलुकमा रुपान्तरण गरेको बुझाइले समेत यो दिनलाई मधेशी शक्तिले विशेष रुपमा बलिदानी दिवस मनाउने गरेको छ।

राजनीतिक रुपमा बितेको १६ वर्षमा मधेश र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ र यसले नेपालको राजनीतिमा नवीन युगको सुत्रपात गरेको छ। तर मधेशका जनताको न्यायिक अधिकार प्राप्तिको लागि उठेको आन्दोलनले उठाएका मागहरू अझै पूर्णरुपमा सम्बोधन भने भएको छैन। पछिल्लो १८ वर्षलाई फर्केर हेर्ने हो भने अधिकार र पहिचानका लागि सयौं युवाहरूले दिएको बलिदानीको सहि रुपले सम्बोधन भएको छैन। तर मधेशको मुद्दाहरू भने समाधान भएको देखिँदैन।

*गतांकको बाँकी...*

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

योङ्ग इण्डिजिनिस्ट लिगले संघर्षलाई शान्तिपूर्ण र सशक्त बनाउँछ। योङ्ग इण्डिजिनिस्ट लिग(YIL) यस क्रान्तिको डीपीएच-फोर्स 'डाईरेक्ट पार्टिसिपेशन ईन हस्टीलिटीज' फोर्स को रुपमा रहने छ। डीपीएच-फोर्स दुई प्रकारको हुन्छः

(क) ऋभलतचबा ब्अतष्यल त्भक (ऋब्त): यो डीपीएच-फोर्सको यस्तो ब्रिगेड हो जुन कठिन भन्दा कठिन चुनौतिलाई फत्ते गर्न सक्षम हुन्छ। यसको चाल बिरालोको जस्तो शत्रु माथि पुरै जाईलाग्ने हुन्छ। यो विशेष केन्द्रिय कमाण्डमा परिचालित हुन्छ। जब कुनै अन्य अफेन्सेज लक्ष्य प्राप्तिमा असफल हुन्छ तब ऋब्त परिचालित हुन्छ यसर्थ यो विशेष तयारीका साथ हुन्छ र कहिलेकाहिं विशेष परिस्थितिमा मात्र हुन्छ।

(ख) च्बउष्म ब्अतष्यल त्भक (च्ब्त): यो डीपीएच-फोर्सको यस्तो ब्रिगेड हो जुन अकस्मात आईपर्ने अफेन्स एक्सनमा परिचालित हुन्छ, यस्तो अफेन्स जो र्यापिड हुन्छ, थोरै भन्दा थोरै समयमा ऱ्यापिड एक्सन गरी तुरून्त डिस्पर्स हुन्छ। यसको मुभ मुसाको जस्तो हुन्छ अचानक आउने एक्सन गर्ने र तुरून्तै रिट्रिट हुने यसर्थ यो एमर्जेन्सि अफेन्समा सेन्ट्रल कमाण्ड बिना स्थानीय कमाण्डमा नै परिचालित हुन्छ।

बहुल -राष्ट्रहरूको स्वराज, अर्थतन्त्र, धर्म-सँस्कृति तथा आत्मारक्षा शक्तिको सुरक्षा गर्नु योङ्ग इण्डिजिनिस्ट लिग(थ्क्षि) को लक्ष्य हो। योङ्ग इण्डिजिनिस्ट लिग(थ्क्षि) को नेतृत्व तथा कार्यकर्ताहरूलाई नियमित व्यायम, तालिम तथा दर्शन, इतिहास, राजनिति, अर्थशास्त्र तथा धर्म-संस्कृति सम्बन्धि प्रशिक्षणको व्यवस्था हुनेछ। थ्क्षि को प्रमुख आर्थिक स्रोत राष्ट्रिय मुक्ति क्रान्ति नेपालको बार्षिक बजेटबाट विनियोजन भई प्राप्त हुने बजेट रकम हुनेछ साथै वाई आइ एलले आफैं पनि केन्द्रीय कमाण्डको संज्ञानमा आर्थिक स्रोतहरू जुटाउन सक्नेछ।

प्रारम्भमा मुख्यत् कमाण्डको विभिन्न निर्धारित स्थानमा आवासीय रेजिमेंटको व्यवस्था गरिनेछ। योंग इण्डिजिनिस्ट लिग सम्बन्धि थप संचालन, नियन्त्रण सम्बन्धि कार्य योजनाहरु योंग इण्डिजिनिस्ट लिग(थ्क्षि) आफैंले कार्यविधि बनाउने छ र पार्टी स्वीकृतपछि लागु गर्नेछ।

२) राष्ट्रिय स्वयं सेवक शक्ति/ राष्ट्रिय मुक्ति बाहिनी

राष्ट्रिय मुक्ति बाहिनीको दायित्व आदिवासी सभ्यताहरूको सुरक्षा गर्नु हो जसबाट यहाँको बहुल-राष्ट्रहरूको राजनिति, अर्थतन्त्र, धर्म-सँस्कृति तथा आत्मारक्षा शक्तिको सुरक्षा ग्यारेन्टि हुन्छ। प्रथम राष्ट्रहरूले आफ्नो आदिवासी ज्ञानद्वारा यूगौं देखि जोगाएर ल्याएको जैविक विविधता, प्राकृतिक स्रोत, साँस्कृतिक विविधता माथि सैन्य, राजनितिक, साँस्कृतिक, बजार एकाधिकार लाद्ने र दोहन गर्ने र विश्वको मुठीभर सम्भ्रान्तहरूको असिमित भोगाकांक्षा तृप्त गर्ने गरी आएको छ। नेपालमा एतिहासिक रूपले सीमान्तिकृत जाति, वर्ग, वर्ण, लिङ्ग, समुदाय तथा क्षेत्रको जनताहरू आफ्नो परम्परागत निर्वाहमुखी कृषी पेशाबाट विमुख हुनु परेको मात्र नभै आआफ्नो उदगम थलोकिलोबाट विस्थापित भई सर्वहाराकरण हुने क्रम तिव्र भईरहेको छ। यस्तो बेला हामी तिनै एतिहासिक रूपले सीमान्तिकृत जाति, वर्ग, वर्ण, लिङ्ग, समुदाय तथा क्षेत्रको जनताहरूको मुक्तिको निमित्त कृयाशील संगठनहरू एकत्रित भई उठान गरेको हाम्रो महान तथा गौरवशाली क्रान्तिको पुरक अँगको रूपमा रहँदै पूर्ण स्वयंसेवाको भवना तथा मर्मलाई आत्मासाथ गर्दै हाम्रो राजनिति, अर्थतन्त्र, धर्म-संस्कृति तथा आत्मारक्षाको सुरक्षा गर्न राष्ट्रिय मुक्ति बाहिनीको गठन भएको हो। (राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशाबाट सम्पादित)

राष्ट्रिय मुक्ति बाहिनीको कार्य डीपीएच-फोर्सलाई ब्याक अप गर्नु पनि भएको हुँदा आत्मरक्षाको सिप विकास, जीवनरक्षासम्बन्धी प्रयोगात्मक अभ्यासको साथै वैचारिक रुपमा परिपक्क हुन् आवश्यक हुन् जान्छ। राष्ट्रिय मुक्ति बाहिनीको अर्को महत्वपूर्ण कार्य भनेको प्रदशन, सभा, बैठक एवं आन्दोलन आदिमा स्वयं सेवक परिचालन, व्यवस्थापन आदि समेत भएको हुँदा जनपरिचालन सम्बन्धि ज्ञान, घुसपैठ कन्ट्रोल लगायतको ज्ञान आवश्यक हुन् जान्छ। समुदायको कल्चरल क्रियाकलापमा प्राकृतिक प्रकोप आदिमा स्वयं सेवकको भुमीका आदिमा समेत सुरक्षा एवं सेवा गर्नु पनि राष्ट्रिय मुक्ति बाहिनीको कार्य रहेको हुँदा सामुदायिक सो कार्य सम्बन्धि ज्ञान एवं सिप आवश्यक हुन् जान्छ। राष्ट्रिय मुक्ति बाहिनी सम्बन्धि थप संचालन, नियन्त्रण सम्बन्धि कार्य योजनाहरु राष्ट्रिय मुक्ति बाहिनी आफैंले कार्यविधि बनाउने छ र स्वीकृतपछि लागु गर्नेछ।

३) संघर्ष समितिहरु, अधिकारवादी संस्था आदी

कतिपय आन्दोलनहरु राष्ट्रिय मुक्ति क्रान्ति नेपालको सहायक आन्दोलनको रुपमा संगै अगाडि बढाउनु पर्ने हुन्छ। कतिपय नयाँ थप विकास गर्नुपर्ने हुन्छ। राष्ट्रिय मुक्ति क्रान्ति नेपाल ले उठान गरेको राष्ट्रहरुको स्वशासन खोस्न सबै भन्दा पहिले भुमि र संस्कृति माथि आक्रमण भयो, जुन अहिले पनि जारि रहेको छ। तसर्थ भुमि र संस्कृति पिडा संग सम्बन्धित संघर्ष समितिहरु जस्तै- भुमीहीनहरुको आन्दोलन, सडक/नदि/जंगल/आर्क्षण विस्तार पिडित आन्दोलन, निजि सम्पति अधिग्रहण विरुद्ध आन्दोलन, साँस्कृतिक सम्पदा अधिग्रहण विरुद्ध आन्दोलन, सभ्यता संस्कृति अतिक्रमण विरुद्ध आन्दोलन, सार्वजनिक सम्पति वा सम्पदा अतिक्रमण विरुद्ध संघर्ष, सिमांचल संवाद एव संघर्ष, भाषिक आन्दोलन, नागरिकता विहीनहरुको आन्दोलन, बाढी पहिरो पिडित आन्दोलन, त्यसैगरी राज्यद्वारा सृजित समस्याहरु जस्तै भ्रष्टाचार नियन्त्रण आन्दोलन, सुशासनका निम्ति आन्दोलन, सामाजिक विकृति ( दाइजो प्रथा उन्मूलन, मदिरा/जुवा प्रतिबन्ध, विभेद विरुद्ध आदि), दलित अधिकार संघर्ष, पिछडा वर्ग अधिकार संघर्ष, शैक्षिक सुधार आन्दोलन, किसान मजदुर आन्दोलन, वैदेशिक रोजगार पिडित आन्दोलन, सहकारी पिडित आन्दोलन, ऋण पिडित आन्दोलन, चुरे लगायत वातावरण संरक्षण आन्दोलन, सदनमा पनि विभिन्न एन एव विधेयकको विरोध जस्ता आन्दोलन हुन् सक्छ।

यी त भए राज्य सरकार बिरोधि आन्दोलन यो संगै हामी आफ्नै कमी-कमजोरि विरुद्धको अभियान एव आन्दोलन पनि गर्नु पर्दछ। जस्तै बेटी(छोरि) शिक्षाको निम्ति आन्दोलन, दजेह प्रथा विरूद्ध आन्दोलन, छूवाछूत र भेदभाव उन्मूलन आन्दोलन, खेलकूदसंग सम्बन्धित आन्दोलन, स्वयंसेवा अभियान, सामाजिक जागरण अभियान, वर्ण व्यवस्था वा उचनीच जात व्यवस्था विरुद्धको अभियान, लागु औषध दुर्व्यसनी विरूद्ध अभियान एव आन्दोलन, मर्त्यु भोज भतेर एव वैवाहिक फज़ूलखर्ची बन्द अभियान एव आन्दोलन, नदि पोखरी मन्दिर लगायत सार्वजनिक स्थल सरसफाई अभियान, युवाहरुको निम्ति लोकसेवा तयारी कक्षा एव प्रहरी/सैनिक सेवा तयारी तालिम, आआफ्नो संस्कृति भाषा र पहिरन अभियान एव आन्दोलन लगायतका अभियान एव आन्दोलन हामी संचालन गर्न सक्छौं। यस्ता अभियान एवं आन्दोलन संचालनको निम्ति विभिन्न संघर्ष समिति एवं अभियानहरु छुटाछुटै निर्माण गर्नुपर्ने हुन्छ। भएका ती आन्दोलनहरू अलग-अलग भयो भने लक्ष्य सम्म पुग्ने सक्तैन उपरोक्त सबै आन्दोलनहरु सम्बन्धित विषयबस्तु अनुरुप नै एकत्रित रुपमा अगाडी बढाउनु पर्छ, त्यसैको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति नेपाल हो भनेर उत्प्रेना पैदा गर्नु पर्छ। त्यसै गरी उपरोक्त आन्दोलनहरुलाई समर्थन हुने गरी विश्व व्यापी रुपमा कार्य गर्ने मानव अधिकारवादी संस्था, आदिवासी अधिकारवादी संस्था, जैविक अधिकारवादी संस्था लगायतका संस्थाहरु संग समन्वय गर्नुपर्छ। नभएका संस्थाहरु निर्माण पनि गरिदिनु पर्छ।

राष्ट्रिय मुक्ति क्रान्ति नेपालको उद्धेश्यसंग मिल्ने सामाजिक-साँस्कृतिक वा आर्थिक वा राजनीतक सवाल होस, जहाँसुकै कुनै आन्दोलन वा त्यसको ठूलो हिस्सालाई हाम्रा मागहरूको समर्थनको लागि राजी गर्न सक्ने संभावना हुन्छ, किनकि हाम्रो मांग पनि त्यही नै हो। यी मागहरूलाई राम्रोसँग सूत्रबद्ध गरी पक्षबाट सही-सटिक ढंगले तर्कहरू पेश गरिनुपर्दछ। यदि यस्ता प्रस्ताव सहमति हुन्छन् भने सबै संघर्षहरूमा बढीभन्दा बढी संख्यामा सहभागी हुनुपर्दछ र यस्ता मांगहरु अन्य प्लेटफर्ममा समेत उठाउनु पर्दछ ता कि उक्त मांग प्रति समर्थन गर्नेहरुको संख्या वृद्धि होस। यसप्रकारले हामी आन्दोलनमा संघर्षरत जनतालाई गोलबन्ध गर्नमा सफल हुन सक्नेछौं, उनीहरूलाई आफ्नो नैतिक प्रभाव अन्तर्गत ल्याउन सक्नेछौं र उनीहरूको बीचमा आफ्नो नेतृत्वलाई मान्यता दिलाउन सक्नेछौं। यस्तो कार्य जुनसुकै महासभा सदस्य जो स्वदेशी आधारभूत ज्ञानमा सामेल भएकाहरुले गर्न सक्छन। शत्रु

"शैक्षिक, सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक हरेक क्षेत्रमा हस्तक्षेप गरौ"

४) राष्ट्रिय मुक्ति क्रान्ति नेपालको शान्ति सेना -

हामीले हाम्रो आन्दोलनलाई अहिंसात्मक भनेका छौं। तर हामीले गर्ने आन्दोलनमा हिंसात्मक दमन हुँदैन भन्ने कुनै ग्यारेन्टी छैन। हामीसंग कुनै हिंसात्मक हतियार हुँदैन भनेका छौं तर हातहतियारले सुसज्जित राज्यका सुरक्षा निकाय शान्तिपूर्ण आन्दोलनलाई भडकाउन भने आइपुग्छ। उक्त राज्य हिंसालाई कसरी रोक्ने, चुनौती छ हुन् त विश्वमा हिंसा रोक्न जे जति प्रयास भएका छन् ती हिंसाकै बलमा भएका छन्। हिंसालाई हिंसाले रोक्न सकिन्न। हिंसाको औषधि प्रतिहिंसा होइन। हिंसा रोक्ने ठूलो हतियार अहिंसा हो। अहिंसामा जति ठूलो शक्ति कुनै पनि हतियारमा छैन। आणविक अस्त्र परीक्षणको होडबाजीले, शान्तिपूर्ण आन्दोलन माथि हिंसात्मक दमनले, समाजमा हतियारको आतंकले अहिंसा आन्दोलनलाई चुनौती दिइरहेको छ। आफ्ना कुरा मनाउन हतियारको सहारा लिनु आतंकवाद हो। आतङ्कवादले पनि विश्वलाई बेलाबेला हिंसात्मक बनाइरहेको छ। संयुक्त राष्ट्र सङ्घको महासभाले सन् २००७ मा महात्मा गान्धीको जन्म दिनलाई विश्व अहिंसा दिवसको रूपमा मनाउने प्रस्ताव पारित गरेपछि हरेक वर्ष अक्टोबर २ का दिन यो दिवस मनाइन्छ। संयुक्त राष्ट्र सुरक्षा परिषद संयुक्त राष्ट्रको छ प्रमुख अंगहरूमध्येको एउटा अङ्ग हो, जसको उत्तरदायित्व अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा बनाई राख्नु हो। हिंसालाई कम गर्न र अहिंसालाई प्रवर्द्धन गर्न विश्व नै लागिपरेको छ। तर सार्थक हुन सकिरहेको छैन।

मधेस आन्दोलन बखत हामीले भोग्यौ, आदिवासीका आन्दोलनहरुलाई हिंसाका बलमा दमन गर्ने गरेको हामीले भोगेका छौं। राज्यले गर्ने अत्याधिक दमन पनि अहिंसाको लागि सबैभन्दा ठूलो शत्रु र अवरोध हो। न्यायको उपस्थिति र सामाजिक न्यायको प्रत्याभूति अहिंसाका लागि आवश्यक छ, जुन कुराको राज्यले प्रत्याभूति दिन सकेको छैन। तर फेरी पनि हामी हिंसाको सहारा लिनु हुन्न भन्ने मान्यताले संघर्षका कार्यक्रम अगाडि बढाउनु छ। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले अहिंसाको निम्ति निशस्त्रीकरणको निर्णय गरेको छ। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को निर्णयलाई कार्यान्वयन गर्न तथा पूर्ण रुपमा लागू गर्न संयुक्त राष्ट्र संघका सबै सदस्यहरू उत्तरदायी हुन्छन्। संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को निर्णय नमान्ने राष्ट्रलाई कारवाही समेत गर्न सक्ने अधिकार संयुक्त राष्ट्र संघमा रहेको हुन्छ। सन् २००३ देखि एम्नेस्टी इन्टरनेशनल (ए.आई.), साना हतियार सम्बन्धी अन्तराष्ट्रिय कार्यसञ्जाल (आयन्सा) र अक्सफाम इन्टरनेशनलले संयुक्तरुपमा हतियार नियन्त्रण सम्बन्धी विश्वव्यापी अभियान सञ्चालन गर्दै आएकाले संयुक्त राष्ट्र संघले पनि आर्म्स ट्रेड ट्रिटि लागु गर्न भनेको छ। जसको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति नेपाल का संयोजक राजेन्द्र महतो ज्युले पनि सभासद एवं मन्त्रीको हैसियतले हस्ताक्षर गर्नु भएको छ।

संयुक्त राष्ट्र संघले राज्यहरुलाई निर्देश गर्दछ कि "जनतालाई शान्तिपूर्ण विरोध गर्ने अधिकार छ, र यो अधिकारको सम्मान, सहजीकरण र संरक्षण गर्नु राज्यको कर्तव्य हो। यसको मतलब राज्यले विरोधमा हस्तक्षेप गर्नु हुँदैन, जबसम्म त्यहाँ नागरिक नागरिक बीच द्वन्द हुँदैन। यदि पुलिसले विरोधलाई रोक्न वा सीमित गर्ने प्रयास गर्छ भने, त्यस्तो हस्तक्षेपको आवश्यकता बारे दुनियालाई स्पष्ट गर्नु पर्छ र त्यसले हानि भन्दा पनि फाइदा दिएको प्रमाणित गर्नुपर्छ। यसो गरिरहँदा सचेत हुनुपर्दछ कि राज्य अधिकारीहरूको हस्तक्षेपले शान्तिपूर्ण आन्दोलनहरु खतरनाक र हिंसात्मक बनाउँछ।" सरकारहरूले प्रदर्शनकारीहरूलाई सार्वजनिक सुरक्षाको लागि खतराको रूपमा चित्रण गरेर बल प्रयोगलाई जायज ठहराउने प्रयास गर्छन्, तर वास्तवमा, यी रणनीतिहरू अन्ततः जनतालाई डराउने तरिका भएको हामीले प्रमाणित गर्न सक्नु पर्दछ। एम्नेस्टी इन्टरनेशनलले विरोध गर्ने अधिकार उल्लङ्घन भइरहेको बेला विश्वव्यापी पर्दाफास र आन्दोलनहरूलाई समर्थन गर्न काम गरिरहेको छ। अभियानले सरकारहरूलाई प्रदर्शनकारीहरूको सुरक्षा गर्नुपर्छ र शान्तिपूर्ण विरोधका लागि अनावश्यक अवरोध र प्रतिबन्धहरू हटाउन स्पष्ट सन्देश दिने गरेको छ। प्रदर्शनकारीहरूले सुरक्षा बलहरूको हातबाट गम्भीर चोटपटक र मृत्यु-को बढ्दो जोखिमलाई कम गर्न इम्नेस्टी इन्टरनेशनलले यातनाका उपकरणहरूको उत्पादनमा प्रतिबन्धको लागि अभियान चलाईरहेको छ। प्रदशनमा यातना दिने गरी हतियार वा कुनै पीडादायी उपकरणलाई संयुक्त राष्ट्र महासन्धि अन्तर्गत गैरकानूनी समेत रहेको छ। सामान्य हतियार जस्तै आतंकित हुने गरी हतियारको प्रदर्शन वा रबरको गोली, घातक लट्ठी चार्ज, फोहर पानीको फोहरा, घातक अश्रु ग्यास आदिको प्रयोग र पुलिस ब्याटनको दुरुपयोग पनि दस्तावेज एम्नेस्टीले गर्छ र दमनकारी पुलिस बलहरूले प्रदर्शनकारीहरूलाई अनावश्यक हानि पुर्याएको ठहर भए संयुक्त राष्ट्र संघले कार्यवाही समेत गर्न सक्छ। यति मात्र होइन कुनै प्रदर्शनकारीलाई निरुत्साहित गर्ने गरी वा पुन अर्को पटक भाग लिन निरुत्साहित गर्ने गरी पुलिस र अन्य राज्य अधिकारीहरूले आन्दोलनकारीको अनुहार पहिचान सफ्टवेयर र ऋऋत्व र क्षक्ष ट्र्याकिङ प्रविधिहरू, फोनहरू ट्र्याक गरेर यस प्रकारको निगरानी रणनीतिको प्रयोग, प्रदर्शनकारीहरूको गोपनीयताको अधिकार हनन गर्ने तथा बेलाबखत अप्रत्यक्ष धम्की पनि दिने जस्ता क्रियाकलाप समेत गैर कानुनि हो, यस विरुद्ध पनि संयुक्त राष्ट्र संघमा उजुरी गर्न सकिन्छ।

तसर्थ हामी पनि हतियार बिना आन्दोलन गरिरहँदा राज्य बाट पनि कुनै प्रकारको हतियारको प्रयोग कानुन बिपरित रहेको रहेको बारे स्थानीय समाज देखि विश्व एवं संयुक्त राष्ट्र संघ सम्म सचेत गराउने कार्य शान्ति सेनाको हुनेछ। समाजमा रहेको शैनिकीकरणको मनोविज्ञान समेतलाई परिवर्तन गर्नु शान्ति सेनाको कर्तब्य हुन्छ। प्रदशनमा मानव अधिकारका उलंघन हुने गरी पुलिसको कार्यहरू रेकर्ड हुनेगरी क्यामेरा, घडी र कलम र कागज बोकेर जानु र सोही अनुसार रिपोर्टिंग गर्नु पनि शान्ति सेनाको कार्य हुनेछ।

आन्दोलन, क्रान्ति वा सरकारको विरोध कार्यक्रममा भाग लिँदा, एक व्यक्तिले विभिन्न विश्वव्यापी रूपमा मान्यता प्राप्त मानव अधिकारको प्रयोग एवं उपभोग गरिरहेको हुन्छ। जस्तै अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण भेलाको अधिकार, जीवनको अधिकार, संगठनको स्वतन्त्रता, गोपनीयता र स्वेच्छाचारी गिरफ्तारी र नजरबन्दबाट मुक्त हुने, र शान्तिपूर्ण विरोधको पक्षमा आवश्यक अन्य जस्तै यातना, कुटपिट, धम्कि र अन्य दुर्व्यवहार वा सजायबाट मुक्त रहने अधिकारहरू समावेश छन्। लोकतन्त्रको एउटा सिद्धान्त भनेको यसको मुख्य उद्देश्य शान्तिपूर्ण क्रान्तिलाई अनुमति दिनु हो। शान्तिपूर्ण क्रान्ति गर्न छुट दिइएन भने त्यहाँ लोकतन्त्र छैन बुझ्नु पर्दछ र अलोकतान्त्रिक सरकारको पक्षमा दुनिया हुँदै हुँदैन, भएको दमन चक्रको अन्तराष्ट्रियकरण गर्न सकियो भने सरकार एक्लिएर आफ्नो वैधानिकता गुमाउन पुग्दछ।

हामीले विश्वलाई, अन्तर्राष्ट्रिय राजनीति र राजनीतिक विचारहरुलाई अशैन्यीकरण (डिमिलिटाराइज) गर्न आवश्यक छ। नेपालि राज्य सत्ताले उपनिवेश कायम राख्न शान्तिपूर्ण आन्दोलन माथि गर्ने हिंसात्मक हरेक दमन तथा सन्त्रास फैलाउन खतरनाक हतियार एवं व्यवहार प्रदशन जस्ता अनैतिक गतिविधिमा रोक लगाउन समुदायमा सचेतना चाहिन्छ, यस्तो कुकार्य रोक्न समाजले नैतिक दबाब सृजना गर्न सक्नु पर्छ यति मात्र होइन आवश्यक परे विश्वका नेताहरुलाई तथा संयुक्त राष्ट्रसंघसँग पनि आग्रह गर्न सक्नु पर्दछ। निशस्त्रकरणको निम्ति, सैन्य खर्चमा कटौती गर्ने सम्मको वकालत गर्नु आवश्यक छ अब नयाँ चेतना वा नयाँ सभ्यताको लागि कम्तीमा यति गर्नुपर्छ। यसको निम्ति मुख्यरुपमा एडल्टहरु सम्मिलित शान्ति सेनाहरु आवश्यक हुन्छ। यो संस्थाले स्थानीय कला, संस्कृतिमा जोड दिने बाहय कला, संस्कृतिलाई छोडन वकालत गर्ने। न्यायिक तथा जनजिविकाका कार्यहरु गर्ने समेत रहने छ। शान्ति सेनालाई समेत वैचारिक र आत्मरक्षाको सिप, सकारात्मक सोच तथा योग आसन आदी बारे अभिमुखीकरण आवश्यक हुन्छ। यो संगठन संचालनको अन्य व्यवस्था कार्यविधि अनुसार हुनेछ।

५) सतर्कता दस्ता

राष्ट्रिय मुक्ति क्रान्ति नेपालको हित एवं सुरक्षाका बारे आवश्यक खबर संकलन गर्ने र संकलित खबरहरुको अध्ययन, मुल्याङ्कन, बिश्लेषण र सम्पादन गरी केन्द्रिय नेतृत्वलाई पूर्व जानकारी दिने उद्देश्यले सतर्कता दस्ता स्थापित गरिनु पर्छ। आन्तरिक एवं समग्र क्रान्तिको सुरक्षा

*बाँकी पृष्ठ ६ मा*

# मधेशको अन्तिम परीक्षा भनेको मधेशीबीचको एकता हो

सबै परीक्षा पछि, मधेशको अन्तिम परीक्षा के हो ? मेरो विचारमा मधेशको अन्तिम परीक्षा भनेको मधेशीबीचको एकता हो । हाम्रा डा आयोजकले विचार मन्थन मधेशी एकता समाज लेख्नु भएको छ, नाम नै मधेशी एकता समाज हो ।

संगठनको नाम नै मधेशी एकता हो त्यसैले यस अनुसारको काम हुनुपर्छ । स्वदेशी एकता हुनुपर्छ भन्ने सबैको विश्वास छ, हैन ? त्यसैले मधेश एक हुनुपर्छ, हैन ?

यस हलमा पुरै मधेश बसेको छ भने मानौ, मधेशको प्रतिनिधि बसेको छ । हाम्रो पुरै मधेश आजको दिनमा मधेशी शक्ति बीच एकता चाहि रहेको छ । धन्यवाद दिनुपर्छ मधेशका युवाहरुलाई ! मधेशीया शक्तिहरु जुन छ त्यो सबै त सुति सकेको थियो । एकता फेकताको कुरै बिर्सि सकेको थियो । हाम्रो युवकहरुलाई धन्यवाद दिनुपर्छ, एनपीयल बालाहरुलाई धन्यवाद दिनुपर्छ । किर्तिपुरको मैदानमा धोती याद दिलाई दियो । यहाँको शासकको र उसलाई बरदास्त नभएपछि आक्रमण पनि गऱ्यो । सन्देश त पुरै देशमा गयो नि । के अपारध थियो त्यो नौ जवानहरुको ? उ जित्यो, खेलन आयो थियो काठमाण्डौमा त्यो मधेशी नौ जवान उसलाई अपमानित किन गर्नु पऱ्यो ? जनकपुर बोल्ट्स न नाम थियो । धोति नाम थियो ? तिमि धोति भन्यौ । तिमि त याद दिलाई दियो मधेशीलाई मित्र (यार) ।

यहाँको शासकले त्यस मधेशीलाई याद दिलाई दियो । जुन बिर्सिसकेको थियो ८-१० वर्षमा सत्ता स्वार्थ विभिन्न कुर्कमा, जुन अघिलोवक्ता साथीहरुले भनि सक्यो के-के कर्म भयो के के कुर्कम भयो त्यो । मधेश एकताको लागि मैले के गरेन, सबै थोक गर्यौनी । सबै थोक त्यागेर मधेशी एकता गर्यौं । सबै मधेशी पार्टीलाई पनि एक गऱ्यौ । हृदयेशजी भन्दै हुनुहुन्छ, लुज एलाईन्स गर्नुस् । अरे तपाई लुज एनाईन्स गर्न भन्दै हुनुहुन्छ, मैले त सारा मधेशी पार्टीलाई एक गर्ने काम गरे । त्यसको लागि मलाई त्याग गर्नुपर्ने काम मैले गरेको थिए । त्यसपछि के-के कुर्कम भयो ? मधेशका जनता एक भएर देखाई दियो साहब । मधेशको जनता पुरै मेचीदेखि महाकालीसम्म, २०७२ को आन्दोलनमा जब संविधान बनि रहेको थियो । यहाँ संविधानमा हस्ताक्षर गर्ने व्यक्ति, मधेशीको घाटी काट्ने जुन संविधान बन्यो त्यसमा हस्ताक्षर गर्ने सांसद पनि अहिले यहाँ बोल्दै थियो मधेशको बारेमा । जब मधेशको घाँटी काटिदै थियो त्यस बेला तपाई के गर्दै हुनुहुन्थो त्यती बेला तपाई घाटी काट्नेको पक्षमा हस्ताक्षर गर्दै हुनुहुन्थो । लामो भाषण दिएर हुन्छ । मधेशी जनताले त पार्टी न साटी बुझि २०७२ मा ६ महिने जुन आन्दोलन भएको थियो । ६ महिने बन्द हडताल, चक्काजाम नाकाबन्दीमा सारा मधेशी एक थियो, कुनै पनि पार्टी थिएन । मधेशी पार्टीलाई त छोडौ त्यहाँ त काँग्रेस, एमाले र माओवादी पार्टी पनि थिएन त्यहाँ । त्यसको नेता भाग्दै फिर्दै थियो भने जनता जय मधेश जय मधेश भन्दै थियो । सारा मधेश एक थियो, पुरै मधेशी एकता थियो । त्यसपछि के भयो ?


२०७२ को चुनावमा सैकडौ व्यक्ति शहिद भयो । हाम्रो भाई शहिद भएको थियो । ६ महिना सम्म चक्का जाम, बन्द हडताल सम्म गरेका थियौ । गरिब भन्दा गरिब जनताले पेट बाँधेर भाग लिएको थियो । सारा उद्योग कलकरखाना हाम्रो बन्द थियो । अर्बोको क्षति भयो मधेशमा । स्कूल काँलेज हाम्रो बन्द थियो, हाम्रो बालबच्चाको पढाई ६ महिनासम्म अवरुद्ध भएको थियो । हामी र हाम्रो जनताले सबै थोक गर्यौं । जुन घाँटी काट्ने संविधान बन्दै थियो त्यसमा हाम्रो यही त भनाई थियो हामी मधेशीको अधिकार पनि त्यसमा लेखिदिनुस । यही त भन्नु थियो । जुन सम्झौता गर्यो २०६४ साल फागुन १६ गते ८ सुत्रिय मधेशी मोर्चासंग गरेको सम्झौताको अधारमा संविधान बनाउनु पर्यो यती त भन्नु थियो । थारुले पनि यही भन्दै थियो की थारुको कुरा लेखि दिनु । आदीवासी जनजातीले पनि भन्दै थियो हाम्रो कुरा पनि लेखिदिनु । किनकी बिगतमा संविधान बन्नु भन्दा पहिला सबै अधिकारबादी पहिचानवादीको साथ यो खसवादी यो नश्लवादी शासकले हस्ताक्षर गरेको थियो । तर संविधान बनाउने समयमा ओली प्रवृति हाबि भयो । नश्लवादी चिन्तन सोच हाबी भयो । एकल चिन्तन शोच हाबि भयो र संविधान बनाई हाल्यो । कसले बनायो यो नश्लवादीको शासक यो काँग्रेस, एमाले, माओवादी । त्यसमा बिजय गच्छेदार जस्तो, कस्ले भन्यो मिर्जाफर जयचन कसैले उच्चारण गर्यो । त्यस्तो पनि मिसावट भयो । तर संविधान बनाई हाल्यो । सबैको सबै मधेशी एक थियो । पार्टीको कुरा छोडौ साहब, मधेश वादी पार्टीको कुरामा त मधेशी बादी पार्टी त एक थियो नै मोर्चाको हिसाबमा । सबै मधेश बादी पार्टी मोर्चा बनाएर एक ठाउँमा थियो । न मोर्चा, न पार्टी, सबै मधेसको जनता एउटै थिए, तीनै पुस्ता एउटै थिए । छोरा, नाती, हजुर बुबा सबै एउटै कुरा भन्दै थियो 'जय मधेश' त्यो आन्दोलनमा । तर भयो के ? के भयो ? पुरै मधेश, दुनियामा बस्ने सबै मधेशी एक भएको थियो । सिर्फ मधेशमा बस्ने मधेशी मात्र होईन, यस दुनियामा बस्ने सबै मधेशीले 'जय मधेश' भन्यो । उस आन्दोलनको सर्पोट गरेको थियो । त्यसको वाबजुद्ध पनि भयो त के ? यहाँको नश्लवादी, ओली प्रवृति गोली चलायो । गोली चलाएर संविधान घोषणा गर्यो । यो कुरा लुकेको छैन नि । बताउनुस साथीहरु के यो कुरा लुकेको छ ? रे बनायो न । सबै मधेशीको एकताको बावजुद्ध पनि संविधान बनाई हाल्यो, घोषणा गरि हाल्यो । मधेशीको घाँटी रेटिदियो । मधेश आन्दोलनलाई हराई दियो । परास्त गर्यो बन्दुकको नालमा । सबै नश्लवादी काँग्रेस, एमाले, माओवदी अमरेश जीको पार्टी समेत तत्कालिन पार्टी । संविधान बनाई दियो, हाम्रो बिरोधमा र हामी हेरिरह्यौं । हामी मधेशी, आदीवासी, जनजाती र थारु हेरिरह्यौं तर हाम्रो हत्या भयो । तर आज त्यही संविधानको संशोधनको कुरा चल्दैछ । त्यही संविधानको संशोधन हुन्छ । कसले गर्छ संशोधन ? तपाई गर्नुहुन्छ ? मधेशीले गर्छ ? की त्यो नश्लवादी काँग्रेस एमाले गर्छ । काँग्रेस एमालेको न जनमत छ त्यहाँ ।

अहिलेको संसदमा संविधान संशोधन संसदबाट हुन्छ न कि सडकबाट हुन्छ । त्यो संसदमा पहिलो पार्टी र दोश्रो पार्टी दुबै मिल्यो संविधान संशोधनको लागि मिल्यो की अरु कामको लागि मिल्यो यो पत्रकार भाई सबैले बढी बुझ्छ । कुन कुन धंधाको लागि मिलेको छ पुरै दुनियालाई थाहा छ । तर भन्दै छ संविधान पनि संशोधन गर्छु । तर संविधान संशोधन गर्छु त्यसमा जुन केही अधिकार मिलेको थियो त्यसलाई पनि काटी दिन्छु भन्दै छ । यही न भन्दै छ ? थ्रेस होल्ड लगाई दिन्छु रे अब भो । अब थ्रेस होल्ड लगाई दिन्छु तिमि मधेशीया पार्टीहरु बोरिया बिस्तर बाँधेर भाग । यही न भन्दै छ । थ्रेस होल्ड लगाउनेको मतलब के हुन्छ साहब । तिम्रो पार्टी रहदैन । थाहा छैन समावेशी हटाउछ की समानुपातिक हटाउछ ? के के हटाउछ ? भनाईको मतलब यो छ की जस्तो संविधान बनायो यो व्यक्तिहरु सबै मधेशी एकजुटताको बावजुद्ध पनि संविधान बनायो । तपाईहरु ठिकसंग बुझ्नुस कुरा, तपाईहरुको पुरै मधेशी जनता एक भएर सडकमा आउँदा तर पनि संविधान बनायो उनीहरु गोली चलाएर संविधान बनायो । संविधान सभाको जनमतको प्रयोग गर्यो । ९० प्रतिशत संविधान सभाको जनमत देखाएर तीन नेताले संविधान बनायो । संविधान सभा सदस्यलाई थाहै भएन, के बन्दै छ भनेर । डिभेड पनि गर्न दिएन, फास्ट ट्रैकको नाउँमा र नश्लवादी संविधान बनाई हाल्यो । यो संविधान कुन बार फेल हुन्छ मलाई थाहा छैन, किनकि यसअघि ६ वटा संविधान समाप्त भयो । सातौ संविधान यही नश्लवादी चिंतन सोचको कारण बार बार संविधान बन्छ । ७० वर्षमा ७ वटा संविधान बनाउने मुलुक नेपाल हो । त्यसैले मैले भन्दै छु गिनिज बुक अँफ वर्ल्ड रेकडमा नेपाल आफ्नो नाम दर्ज गराई हाल्यो । ७० वर्षमा ७ संविधान अनि त्यो संविधान जनतालाई अधिकार दिदैन । जनतालाई पहिचान दिदैन । र आफ्नै लागि संविधान बनाई हाल्छ एकल जातिय चिंतन सोच हाबीको कारण नेपालको जनताको यस्तो हालतमा राख्यो । त्यसै संविधानको संशोधनको कुरा हुदैछ । जब हामी सबैजना एउटै खुट्टामा उभि रहेका बेला त हामी माथि गोली चलाएर संसदको प्रयोग गरेर, संविधान सभाको प्रयोग गरेर हामी माथि अत्याचार गर्यो । अहिले जब संविधान संशोधन हुन गईरहेको छ । त्यसोभए के हुनेछ ? त्यो भन्दा फरक हुनेछैन । त्यो भन्दा फरक हुदैन । दोधारमा नपर्नुस, बिलकुलै दोधारमा नपर्नुस त्यही हुन्छ, किनकी यसको चिंतन त त्यही हो नि । अरे त्यही माइण्ड सेट गर्दै छ अलि अलि जुन मिलेको छ त्यसलाई पनि काटौं, खतम गरौं । अब के गर्नुपर्छ ? हिडौ भई एउटा कुरा त भई हाल्यो । यो मधेशको सभा छ, यो मधेशको पतिनिधि छ, पुरै मधेश छ यहाँ र एउटा मतबाट, एउटा धारणा बन्यो की हामीले एकता गर्नुपर्छ । मधेशी जनताको बीचमा एकता गर्नुपर्छ ।

> मैले त सारा मधेशी पार्टीलाई एक गर्ने काम गरे । त्यसको लागि मलाई त्याग गर्नुपर्ने काम मैले गरेको थिए । त्यसपछि के-के कुर्कम भयो ? मधेशका जनता एक भएर देखाई दियो साहब । मधेशको जनता पुरै मेचीदेखि महाकालीसम्म, २०७२ को आन्दोलनमा जब संविधान बनिरहेको थियो ।

मधेशी शक्तिको बीचमा एकता गर्नुपर्छ यही प्रस्ताव हाम्रो डाक्टर साहेबको छ । मधेशी एकता समाजको प्रस्ताव छ र यस प्रस्तावलाई हामी सबैले हृदयदेखि स्वागत गर्यौं । यो कुरा सत्य छ नि । अरे मधेशी एकता हुनुपर्छ नि । हो, मधेशी एकता हुनुपर्छ ।

अब यसभन्दा अगाडीको प्रश्न यो आउछ की रे भाई संविधान बनाउने समयमा पनि मधेशी एकता त थियो मधेशी जनता एक नभएर सबै शक्ति एक थियो तर पनि संविधान बनाई हाल्यो र अहिले पनि त गरिहाल्छ नी । खाली मधेशी एकताबाट हुन्छ । शक्ति नै पुगेन भन्नुको अर्थ यो नश्लवादीमाथि मधेशीको दवाब नै परेन । यो नश्लवादी जुन शासन छ त्यो दुई सय ७० वर्षदेखि शासन गरी रहेको छ । एकल शासन, १०४ वर्ष राणा शासन, ए कलाशको जहानीया शासन देशमा चल्यो ।



**राजेन्द्र महतो**

**अध्यक्ष, राष्ट्रिय मुक्ति पार्टी नेपाल**

बाँकी सबै साफ , बाहुन क्षेत्री पनि साफ, मधेशी, आदीवासी, जनजाती, थारु र मुश्लिम पनि सबै साफ । त्यसपछि राजा महराजा ३० वर्ष त्यसमा पनि पारिवारिक बंशिय शासन बाँकी सबै साफ । तर आश्चर्य त यो छ की ३५ वर्ष लोकतन्त्र गणतन्त्र, यो त आफ्नो शासन छ साहब, यो त लोकतन्त्र हो नि ? लोकतन्त्र गणतन्त्र आफ्नो शासन हो नी तर आफ्नो शासनमा पनि साफ । यो के भयो ? जनताको शासन छ लोकतन्त्र । ३५ वर्षको जुन शासन भयो त्यसमा पनि राजनितिक भयो । त्यस राजनितिकमा पनि हामी साफ भयौं । कले साफ गर्यो । कसले साफ गर्यो, कसले अधिकार दिएन ? कसले हामीलाई पहिचान दिएन, कसले संविधान बनायो, कसले गोली चलायो ? थारुहरुले अधिकार माग्दा कसले आजीवन काराबास हालि दियो ? थारु ले के भनेको थियो ? संविधानमा उसले पनि आफ्नो अधिकार मागी रहेको थियो । लिम्बुवानले के भनिरहेको थियो ? त्यो मगरातले के भनी रहेको थियो ? सबैले भन्दै थियो यो देश हाम्रो पनि हो । हाम्रो लागि पनि संविधान बनाई दिनुस न । यती त भन्नु थियो । तर नश्लवादीलाई त्यो पनि पचेन र एकल संविधान ३५ वर्षमा बनायो । ३५ वर्ष जुन शासन गर्यो त्यो शासन एकल शासन अहिले शासनको रुप हेर्नु, अहिले नेपालको शासनको रुप कस्तो छ, कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका सरकारको सबै अंग मैले बारम्बार संसद भवनमा भन्यौ । थोरै पनि हिम्मत छ भने जारी गरौन स्वेत पत्र । तिम्रो शासनको संरचना कस्तो छ ? कती थारु छ देखाउन ? कती मधेशी छ भने देखाउन ? कती आदीवासी जनजाती छ देखाउन ? कती बाहुन क्षेत्र छ देखाउन ? स्वेत पत्र जारी गर शासनको स्वरुप । कसरी जारी गर्छ ? कीन की एकल चिंतन सोचले भरी परेको छ । ७० प्रतिशत ८० प्रतिशत र कुनै कुनै मा त ९० प्रतिशत एकल जातिय । यसरी देश चल्छ । र उसको बिरुद्धमा तपाईहरुलाई लड्नुछ । तपाईहरु लड्ने समयमा दुश्मन को हो र मित्र को हो त्यो त पहिचान गर्नुपर्छ नी । सिधै लाठि टाउँकोमा ले मात्र काम चल्दैन ? बुद्धि प्रयोग गर्नुपर्छ साहब । हामी मधेशी एक ठाउँमा मिल्छौ तर पनि पास हुदैनौ । हामीलाई पास हुनुछ अरुबाट मधेशलाई बिजयी बनाउनु छ ।

तर हाम्रो शक्ति पुगिरहेको छैन । मधेशी एकलै लड्दा यो समप्रदायीक हो, यो विदेशी हो, यो त सब भारतीय हो, यो त भारतको आन्दोलन हो । टाउको फुट्यो राजेन्द्र महतोको अनि ओली भनी दियो यो आन्दोलन भारतको हो अब भो । मधेशी आन्दोलनलाई भारतीय आन्दोल भन्ने यो नैतिकहीन, चरित्रहीन, यो शासक नश्लवादीलाई के फरक पर्छ ? आफ्नै देशको जनतालाई बिनेशी भन्नेमा कुनै हिचक हुदैन ।

नेपाल जुन बन्यो दुई सय ७० वर्षअघि पृथ्वीनारायण साहले जुन भन्दैछ नेपाल बनायो त के पृथ्वीनारायण साहले खाली बाहुनको लागि मात्र यो देश बनायो । सिर्फ बाहुन नै थियो यो देशमा, सिर्फ क्षेत्री नै थियो, सिर्फ मधेशी नै थियो कि जनजाति नै थियो यो देशमा सबै थियो । बाईसी चौबिसी थियो । ५०-६० वटा पहिचान थियो यो देशमा । सबै पहिचानलाई मिलाएर नेपाल बन्यो । सबै पहिचान मिलेर नेपाल बनेकोले नेपाल बहुल राष्ट्रिय राज्य हो । नेपाल एक जातिय राज्य होईन । यस सत्यलाई स्वीकार्न तयार छैन । यो ओली प्रवृति, यो नेपाल सबै नेपालीको हो । यो मधेशी, आदीवासी, जनजाति, थारु, मुस्लिम, दलित, बाहुन क्षेत्री यो सबैको यो देश हो त्यसैले सबैलाई सम्मान अधिकार पहिचान दिनुपर्छ, सबैको लागि शासन र संविधान चाहियो यस कुरालाई नश्लवादी स्वीकार्न तयार छैन । समस्या त्यही छ ।

# वीरगंजको चौतर्फी विकासका लागि प्रभु साहको ओलीसँग प्रश्नैप्रश्न

वीरगंज । आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीसंग वीरगंजको बिकासका लागि गरेको भन्दै प्रश्न गरेका छन् ।



आजपाद्धारा शनिबार वीरगंजमा आयोजित भ्रष्टाचार बिरुद्धको खबरदारीसभालाई सम्बोधन गर्दै उनले वीरगंजबाट राजस्व लिने तर बिरगंजको बिकासका लागि केही पनि गर्नु ओलीको बेईमानी भएको टिप्पणी उनले गरे ।

वीरगंजलाई आर्थिक राजधानी घोषणा गराउँन तथा भ्रष्टाचारको बिरुद्धको खबरदारी सभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले भने, 'देश बदलावमा वीरगंजले अग्रणी भुमिका निर्वाह गर्दै आएको छ । वीरगंजको अग्रणी योगदानबाटै आज नेपालबाट राजतन्त्रको अन्त्य भयो र पार्टीका नेताहरु अहिले राज गरिरहेका छन् । म वीरगंजको पवित्रधर्तीबाट नेताहरुलाई सोध्न चाहन्छु, प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोध्न चाहन्छु तपाईले वीरगंजको लागि के गर्नुभयो ?'

वीरगंज एक ऐतिहासिक शहर भएको बताउँदै उनले वीरगंज हेर्न दुनियाका मान्छेहरु आउँने गरेको बताए । पहाडका मान्छेहरु रोजगारी, शिक्षा, बिचार लिन वीरगंज आउँने गरेको बताउँदै उनले वीरगंजलाई दलाल नेताहरुले उजाड बनाएको टिप्पणी उनले गरे ।

'वीरगंजलाई तपाईहरुले के दिनुभयो । वीरगंज उजाड हुदैछ, ठुलाठुला व्यपारीहरु वीरगंज छोडदैछन् । पुँजी पलायन हुदैछ, यस्तो बेहाल किन बनाउँनुभयो भन्ने प्रश्न गर्न चाहन्छु । देशको झण्डै आधा भन्दा बढी राजस्व वीरगंजबाट उठछ । यसको रिटर्नी वीरगंजले पाउँने की नपाउँने ?', आजपा अध्यक्ष साहले प्रश्न गर्दै भने, 'म प्रधानमन्त्रीलाई भन्न चाहन्छु, तपाई के हेर्नुहुन्छ यो पहिलाकै बनेको पुर्वाधारहरु हो । घण्टाघर, नारायणी हस्पिटल, ठाकुर क्याम्पस, नारायणी रंगशाला, कृषि औजार कारखाना, चिनि मिल यि सबै पहिलाकै हो । म यि चोर नेताहरुलाई प्रश्न गर्न चाहन्छु तपाईले वीरगंजको लागि के गर्नुभयो ?'

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा पर्साबाट तीन जना मन्त्री छन् । नेपाली कांग्रेसबाट अजय चौरसिया कानून मन्त्री, एमालेबाट राजकुमार गुप्ता प्रशासन मन्त्र, जसपाबाट प्रदिप यादव खानेपानी मन्त्री छन् । तीनै जना मन्त्रीलाई 'चोर नेता'को संज्ञा दिदै आजपा अध्यक्ष प्रभु साहले प्रश्न गरे, 'यहाँबाट मन्त्री भएका चोर नेताहरुलाई म प्रश्न गर्न चाहन्छु तपाईले वीरगंजका लागि के गर्नुभयो । नारायणी अस्पताल मेडिकल कलेज हुन्छ की हुदैन् ? ठाकुरराम क्याम्पस यूनिभर्सिटी बन्छ की बन्दैन् ? त्यहाँ पिएचडीको पढाई हुन्छ की हुदैन् ? १५ बिगाहाभन्दा बढी क्षेत्रफलमा फैलिएको नारायाणी रंगशाला किन जिर्णअवस्थामा पुग्यो ?'

संविधान निर्माण गर्ने बेलामा ओली नेतृत्वको सरकारले संविधान गलत बन्दै गर्दा बिरोध गरेपछि हत्या गरेको दिन स्मरण गर्दै उनले कांग्रेस र एमालेले संविधान संशोधनको कुरा गर्नु अपराध भएको बताए । कार्यान्वयन नभएको संविधान संशोधन गर्नुभन्दा पहिला नेताहरुले जनताका बीचमा गएर माफी माग्नुपर्ने उनले बताए ।

जनताको तिरेको राजस्व सरकारले लुटिरहेको आरोप उनले लगाए । भन्सारको नाममा सरकारले सर्वसधारणको निजि सम्पती लुटिरहेको बताउँदै उनले यो सरकार लुटेराको सरकार भएको आरोप लगाए । सरकारले कर आतंक मचाएर देश र जनतालाई लुटिरहेको बताउँदै उनले भारत र चीनमा समानहरु सस्तो हुने तर नेपालमा महंगो किन भएको भन्दै प्रश्न गरेका छन् ।

'म प्रधानमन्त्री र तिनका दलालहरुलाई भन्न चाहन्छु वीरगंज आर्थिक राजधानी भएन भने अब जनता चुप लागेर बस्नेवाला छैनन् । प्रभु साह चुप लागेर बस्नेवाला छैन् । कान खोलेर सुन्न म ति दलालहरुलाई भन्न चाहन्छु', आजपा अध्यक्ष साहले भने, 'काठमाडौंलाई प्रशासनिक राजधानी बनायौं । भर्खर पोखरालाई पर्यटकीय राजधानी बनायौं । के वीरगंज आर्थिक राजधानी बनाउँनुपर्छ की पर्दैन् ? यदी हुन्छ भने क्याबिनेटबाट छिटो निर्णय गर्नुस् । नत्र हामी चुप लागेर बस्दैनौं ।'

बारा, पर्सा, रौतहटको बिकासमा सरकारले ध्यान नदिएको बताउदै उनले यस क्षेत्रको बिकासका लागि आजपाले आवाज उठाउने उनले बताए । वीरगंज सहितका क्षेत्रको बिकासका लागि प्रभु साह चुप लागेर बस्न नसक्ने बताउँदै उनले अब कडा कदम चाल्नुपर्ने आवश्यक भएको बताए ।

आजपा अध्यक्ष प्रभु साहले भने, भ्रष्टाचारीहरुलाई तह लगाउन अब जनस्तरबाटै प्रतिवाद जरूरी रहेको बताए । देशको चोर र भ्रष्ट नेताहरुलाई तह लगाउन आम जनता अगाडि आउनैपर्ने बेला भएको उनले बताए । उनले भने, 'ईतिहास साक्षी छ, जनताको शक्ति न विगतमा कमजोर थियो, न वर्तमानमा कमजोर छ, न भविष्यमा कमजोर हुनेछ । यसका लागि हामी सबै ईमान्दार, प्रगतिशिल र देशभक्त शक्तिहरु एकजुट पर्छ ।'

आजपाले भ्रष्टाचार, सरकारको मनोमानी कर आतंक, वैदेशिक रोजगारमा भइरहेको ठगी, भन्सार कानुनमा रहेको लुटकारी व्यवस्था एवं दलाल दलतन्त्रविरुद्ध आवाज उठाउँदै आएको छ ।

आजपाले मुलुकमा बढदै गईरहेको भ्रष्टाचारका बिरुद्धमा वीरगंजमा बिरोधसभा गरेको छ । वीरगंजमा शक्ति प्रदर्शन गर्दै आजपाले वीरगंजलाई देशकै आर्थिक राजधानी घोषणा गर्न र भ्रष्टाचार बिरुद्ध खबरदारी सभा गरेको हो ।

सभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वीरगंजलाई देशकै आर्थिक राजधानी घोषणा गर्नुपर्ने माग गरे । वीरगंजको ईतिहास, गौरब र सम्मान शासकबर्गले मेटन खोजेको आरोप लगाउँदै उनले यथाशिघ्र वीरगंजलाई आर्थिक राजधानी घोषणा गर्न माग गरेका छन् ।

हालै मधेस प्रदेशमा भ्रष्टाचार बिरुद्ध मधेस यात्रा अभियान सम्पन्न गरेको आजपाले सरकारकै संरक्षण एवं मिलोमतोमै भ्रष्टाचार बढदै गईरहेको जनाएको छ । 'सरकार आफै भ्रष्टाचारीलाई संरक्षण गरेको छ । भ्रष्टाचारी जोगाउने, बचाउँने, संरक्षण गर्ने यो सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन् । भ्रष्टाचार नियन्त्रण गर्न असफल भएको प्रधानमन्त्री केपी ओलीको सरकारले भ्रष्टाचारी जोगाउँने काम गरेको छ' आजपा अध्यक्ष साहले भने, 'बिभिन्न भ्रष्टाचारका काण्डमा ओलीकै नाम जोडिन्छ । तर त्यो काण्डको बारेमा कहिल्यै छानबिन हुदैन् । बिभिन्न ठुलाकाण्डको फाईल सरकारले लुकाएर राखेको छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरु भ्रष्टाचारमै संलग्न छन् । यि लुटेराहरुले देशलाई लुटेर कंगाल बनाईसके, राज्यको ढुकुटी लुटेका छन्, विदेशमा पैसा थुपारेका छन् । यिनीहरुबाट देश समृद्ध हुदैन् ।'

देशको राजस्व लुटेर खाने, राज्यको ढुकुटी लुटनेहरुले हरेक नेपालीमाथि बिदेशी ऋण बढाउँदै गईरहेका छन् । विदेशीबाट ऋण लिने तर त्यसको सही सदुपयोग नगरी नेपालीलाई ऋणी बनाउँने काम यो सरकारले गरिरहेको आरोप साहको छ ।

## प्रभु साहको हत्या हिंसाको राजनीतिबाट डराउँदिन : मेयर यादव

राकेश यादव, रौतहट । जिल्लाको बौधिमाई नगरपालिकाका नगर प्रमुख प्रदीप यादवले आम जनता पार्टीका केन्द्रीय अध्यक्ष एवं रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य प्रभु साहले अपराधिक गतिविधिमा संलग्न भएको व्यक्तिको बचाउ गर्नका लागि न्यायपालिका माथि गलत टिप्पणी गरेको बताएका छन् । बौधिमाई नगरपालिकाको सभाहलमा बुधबार पत्रकार सम्मलेन आयोजना गरी नगरप्रमुख यादवले रौतहट जिल्ला अदालतले बौधिमाई नगरपालिका ८ बस्ने गंगा राम बैठालाई पुर्पक्षका लागि दिएको आदेश पछि जिल्ला न्यायाधीशलाई लक्षित गरी गरेको टिप्पणी कानून विपरीत रहेको बताएका हुन् ।



विभिन्न मुद्दामा मुछिएका बैठालाइ अदालतले थुनामा राख्ने गरी दिएको आदेश कानून सम्मत भएपनि सांसद साहले आफ्नो फेसबुक पेज मार्फत नेताहरुको झोले न्यायाधीशले रौतहटको बदनाम एवं अस्तव्यस्त भयो बेईमान एवं अयोग्य न्यायधीशहरुलाइ छानविनको दायरामा ल्याउन म सम्मानीय प्रधान न्यायधीश ज्यूको विशेष ध्यानाकर्षण गराउदछु भनी लेख्ने अधिकार कुन कानूनले उहाँलाई दियो भनी प्रश्न समेत गरे ।

बौधिमाई नगर कार्यपालिकाको बैठकबाट वडा नम्बर ८, ७ र ९ मा नाला निर्माण कार्यको लागि सरकारी जग्गा सड़कमा बनाइएको संरचना हटाउन जाँदा पक्राउ परेको बैठा सहितले नगर प्रमुख, कमर्चारी, प्रहरी माथि आक्रमण गरेको थियो । हत्या र हिंसाको राजनीतिक गरिरहेका प्रभु साहले पहिलाको निर्वाचन क्षेत्रअन्तर्गत पर्ने सरमूजवा, कोपवा पिपरियामा के कति विकास निर्माणको कार्य गरे भने प्रश्न गर्दै निर्दोषको हत्या हुँदा न्यायका लागि आवाज उठाउन नसक्ने सांसद साहले आपराधिक गतिविधिमा सामेल भएका व्यक्तिको बचाउमा स्वतन्त्र निकाय न्यायपालिका माथि गरेको गलत टिप्पणी कटाक्ष कानून विपरीत भएको ठहर गरे ।

काशीनाथ तिवारी, शिक्षक सुनील यादव, कुस्ती खिलाडी उपेन्द्र दास बैरागीको हत्या काण्डमा मुछिएका साह आफु विकास प्रेमीको ढोंग गर्ने गरेको आरोप लगाए । मेयर यादवले भने, डर त्रास र धमकी दिएर नीतिगत भ्रस्टाचार गर्ने प्रभु साहसँग नडराइ जनताका लागि निर्धक्क रुपमा काम गर्दै जाने र सो क्रममा आफ्नो बलिदानी दिनु परे पछि नहटने दृढत्ता व्यक्त गरे ।

मौलापुर नगरपालिकाले कर नलिइरहेको प्रचार गर्ने साहलाई नगरपालिकाले २ वटा सरकारी गाडी कहाँबाट खरीद गरेको जिकिर गर्दै जनताको करमा भ्रष्टाचार गर्ने गरेको टिप्पणी गरे । प्रदीप मणि दीक्षितको साढ़े ३ बीघा जग्गा बलपूर्वक कब्ज़ा गरी आफ्नो आमा लक्ष्मीनिया देवीको नाउँबाट विद्यालय स्थापना गरेको साह माथि क़ानूनी कार्यवाही गर्न मांग समेत गरे ।

सांसद साहले सञ्चालन गरेको स्मृति प्रतिष्ठानको नाउँमा देवाही गोनाही नगरपालिका, कटहरिया नगरपालिका, फतुवा विजयपुर नगरपालिका र मौलापुर नगरपालिकासहित संघीय सरकारबाट १३ करोडभन्दा बढी रकम ल्याएर अनियमितता गरेको ठोकूवा गरे । मेयर यादवले भने, 'अरुलाई पारदर्शिताको पाठ सिकाउने सांसद साहले आफै नीतिगत भ्रस्टाचार गरिरहेको छ ।'

मौलापुर नगरपालिकाले खरीद गरेको जग्गामा निर्माण गरिएको मौलापुर पिकनिक पार्कको संचालकमा आफ्नो नातेदार भारतीय नागरिक सालो नाता पर्नेलाई बनाएको र पार्क होटलको संचालकमा साढू नाता पर्नेलाई राखेर त्यसको आम्दानीलाई सार्वजानिक नगरी सिधै अनियमितता गर्ने गरेको उल्लेख गरे । २ वटा भारतीय नम्बरको गाडी भाडामा राखेर नेपाली नम्बरको गाडीको कागजात पेश गरी रकम निकाल्ने सांसद साहमाथि छानबीन गरी क़ानून कार्यवाही गर्न सम्बन्धित निकायसँग अपील गरेका छन् ।


सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बलान बिहुल गाउँपालिका
सप्तरी, मधेश प्रदेश



सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



देवानगन्ज गाउँपालिका
सप्तरी, मधेश प्रदेश

# कृषि पत्रकार पौडेललाई पृथ्वी पुरस्कार प्रदान



बर्दिया । ३०३औं पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवसको अवसरमा बर्दियाका कृषि पत्रकार कमल राज पौडेललाई पृथ्वी पुरस्कार प्रदान गरिएको छ । बर्दियाको गुलरिया नगरपालिका ८ स्थित पृथ्वी पार्कमा राष्ट्रिय एकता दिवसको अवसरमा आयोजित विशेष समारोहमा पृथ्वी विचारक कृषि पत्रकार पौडेललाई सम्मान तथा पुरस्कार प्रदान गरिएको हो ।

नागरिक मूल समारोह समितिले आयोजना गरेको समारोहमा पूर्व सिंचाई मन्त्री संजय कुमार गौतमले पत्रकार पौडेललाई पृथ्वी पुरस्कार प्रदान गरे । पृथ्वीनारायण शाहको शालिक निर्माणमा समेत योगदान पुऱ्याएकाले संयुक्त राष्ट्रवादी नेपाली संगठन बेलायतका अध्यक्ष भरत क्षेत्रीले स्थापना गरेको पृथ्वी पुरस्कारबाट पत्रकार तथा पृथ्वी विचारक पौडेललाई रु एक लाख नगदको पुरस्कार प्रदान गरिएको हो । सांसद गौतमले पृथ्वीनारायण शाहको शालिकमा माल्यार्पण गर्दै पृथ्वीनारायण शाहले दिएको दिव्य उपादेशलाई अवलम्बन गर्न सुझाव दिदै उनले देशलाई पराराष्ट्र नीतिमा कसरी बलियो बनाउने, अर्थलाई कसरी बलियो बनाउने र छिमेकी राष्ट्रहरुसँगको सम्बन्ध कसरी राम्रो बनाउने लतायतका कुराहरु दिव्य उपादेशमा रहेको उल्लेख गरे ।

पुरस्कार प्राप्त गरेका पृथ्वी विचारक पौडेलले हामी बिच एकता नहुँदा हाम्रो देश विकासमा पछि परेको भन्दै उनले भने, 'यदि हामी बिच एकता कायम भयो भने नेपाललाई समृद्धि बनाउन धेरै समय कुर्न पर्दैन् ।' त्यसैले हामी एक हुन आवश्यक छ भने । उहाँले आफुले गरेको कार्यको मुल्यांकन गरी संयुक्त राष्ट्रवादी नेपाली संगठन बेलायतले पृथ्वी पुरस्कार दिई सम्मान गरेकोमा हार्दिक धन्यवाद व्यक्त गरे ।

नागरिक मूल समारोह समितिका अध्यक्ष हेमन्त प्रकास गिरीले २०६५ सालदेखि बर्दियामा नागरिक स्तरबाट पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवस मनाउने कार्यक्रम शुरु भएको बताए । उनले राष्ट्र निर्माता पृथ्वीनारायण शाहले दिनुभएको उपदेशलाई आत्मसाथ गरेमा मुलुकमा शान्ति, सुरक्षा र समृद्धतर्फ अघि बढ्ने विश्वास गरे ।

कार्यक्रममा जिल्ला समन्वय समिति बर्दियाका अध्यक्ष सूर्य बहादुर बिष्ट, नेपाली कांग्रेस बर्दियाका सभापति अरुण प्रकाशसिंह राठौर, नेकपा माओवादीका युवा नेता गेहेन्द्र प्रसाद ढकाल, राप्रपाका नेता पार्वती लम्साल, राप्रपा नेपालका रिजवान हास्मी र गुलरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ओमकार शाह लगायतले बोलेका थिए ।

नागरिक मूल समारोह समितिका अध्यक्ष हेमन्त प्रकास गिरीको अध्यक्षतामा भएको सो समारोहमा विभिन्न राजनितिक दलका प्रतिनीधि, सामाजिक संघ संस्थाहरु, नागरिक समाजका अगुवाहरु, सुरक्षा निकाय र संचारकर्मी लगायतको सहभागिता रहेको कार्यक्रममा नेपाली सेनाबाट सैनीक सलामी अर्पण, स्थानीय साँस्कृतिक झाँकी प्रर्दशन र जय हरियाली अभियानद्धारा बृक्षारोपण गरिएको थियो । २०६५ साल देखि बर्दियामा नागरिक स्तरबाट पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवस मनाउने कार्यक्रम शुरु भएको छ ।

# उपाध्यक्षले कार्यालयको लेटर प्याड दुरूपयोग गर्यो : अध्यक्ष सिंह



राकेश यादव, रौतहट । जिल्लाको दुर्गाभगवती गाउँपालिकाका उपाध्यक्षले गाउँपालिका कार्यपालिकाको लेटर प्याडको दुरूपयोग गरेको आरोप लागेको छ ।

गाउँपालिकाको कार्यपालिकाको बैठकमा नियमित रुपमा उपस्थित नहुने उपाध्यक्ष शिला देवीले कार्यालयको लेटर प्याड र प्रयोग भएको चलानी नम्बर समेतको दुरूपयोग गरेकी हुन् ।

गाउँपालिका अध्यक्ष शम्भू कुमार सिंहले शुक्रवार प्रेस विज्ञप्ति जारी गरी गाउँपालिका उपाध्यक्षले कानून विपरीत कार्यालयको लेटर प्याड प्रयोग गरेको जनाएका छन् ।

जारी गरिएको विज्ञप्तिमा कार्यालयको चलानी किताबमा अन्य ठाउमा पत्राचार गर्दा प्रयोग गरिएको चलानी नम्बर प्रयोग गरी पत्र संख्या २०८१/०८२ मिति २०८१/९ /१८ च न ६८२ उल्लेख गरी संघीय मामिला तथा सामान्य प्रशासन मंत्रालयमा अनुमति तथा राय परामर्श सम्वन्धमा र च न ६८३ उल्लेख गरी मुख्यमंत्री तथा मंत्री परिसदको कार्यालय जनकपुरधाम मधेश प्रदेश सरकारलाइ कर्मचारी सम्बन्धमा पठाइएको पत्र कानून सम्मत नरहेको अध्यक्ष सिंहले दावी गरेका छन् ।

गाउँपालिका उपाध्यक्षको हैसियतले बैठकमा सहभागी भई आफैले गरेको निर्णयको विरुद्ध कर्मचारीहरूको मनोबल कमजोर पर्ने उदेश्यले विभिन्न निकायमा उपाध्यक्षले पत्राचार गर्ने गरेको कार्य प्रति अध्यक्ष सिंहले आपत्ति जनाउँदै ईर्ष्या द्वेषको भावना राखेर गाउँपालिका कार्यालयको कर्मचारी तथा कार्य प्रभावित गर्ने कार्य नगर्न सुझाव समेत दिएका छन् ।

कानून बमोजिम सम्पादन गर्नु पर्ने जिम्मेवारीको पदीय दायित्व पूरा नगर्ने, कार्यालयको कार्यमा अवरोध सृजना गर्ने कार्य गर्दै आएको ठहर गाउँपालिका अध्यक्ष सिंहको रहेको छ। विज्ञपति मार्फत गाउँपालिका उपाध्यक्ष र सदस्यहरुबाट प्रयोग गरिएको गाउकार्यपालिकाको लेटर प्याड गैर क़ानूनी रहेकोले मान्यता नदिन सम्वन्धित निकायलाइ आग्रह गरिएको छ ।

गाउँपालिका अध्यक्ष सिंहले बाढीबाट क्षति भएको किसानलाई राहत दिनु पर्ने, हिउँदे अधिबेशन गर्नु पर्ने कार्यमा समेत उपाध्यक्ष र केहि कार्यपालिका सदस्यहरुले बाधा अवरोध पुर्याउने गरेको आरोप समेत लगाएका छन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

मुखियापट्टि मुसहरनिया गाउँपालिका

धनुषा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

पिपरा गाउँपालिका

महोत्तरी, मधेश प्रदेश




सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

चन्द्रनगर गाउँपालिका

सर्लाही, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

महोत्तरी गाउँपालिका

महोत्तरी, मधेश प्रदेश

# राष्ट्रिय...

र हितको प्रवर्द्धन एवं सम्वर्द्धन गर्नका निम्ति केन्द्रिय कमाण्डलाई आवश्यक पर्ने सबै प्रकारका सूचना उपलब्ध गराउने यो संगठन(सतर्कता दस्ता)को जिम्मेवारी हो। राष्ट्रिय मुक्ति क्रान्ति नेपाल का सुरक्षाका विभिन्न क्षेत्रका अतिरिक्त आन्तरिक आर्थिक एवं वित्तीय अपराध, अराजकता, संगठनको उधेश्य हित बिपरित लगायतका अपराध, बहुल मान्यता बिपरित धर्म, सस्कृति, भाषा, समुदायवीचको सद्भावमा खलल पुऱ्याउने पक्षसंग सम्वन्धित सूचना संकलन पनि यो दस्ताको महत्वपूर्ण कार्यभार हो। यो दास्ताको संरचनाको एवं संचालनको विधि बारे एउटा कार्यविधि बनाएर संचालन गरिने छ।

अग्रदस्ताको चार (४) नीतिगत कार्य

१) सबै तहका संगठन, भातृ एवं सुभेक्षुक संगठन तथा विभागका नेतृत्वहरुलाई बैचारिकी र भौतिक प्रशिक्षण अनिवार्य गर्ने (राष्ट्रिय मुक्ति क्रान्ति नेपाल द्वारा निर्माण गरिने सम्पूर्ण भातृ एवं सुभेक्षुक संगठन तथा विभागहरु अनुसूचिमा उल्लेख छ)

२) संयुक्त मोर्चा बनाएर त्यस मोर्चामा पनि वैचारिक संवाद गर्ने(दर्शनमा आधारित, सिद्धयान्तमा आधारित, कार्यक्रममा आधारीत, एजेन्डामा आधारीत लगायतको जुन संयुक्त मोर्चाहरु निर्माण गरिने छ)

३) प्रोपोगाण्डा गर्ने, भण्डाफोर गर्ने ( आफ्ना बारेमा कुनै कुराको प्रचार गर्नु छ भने मिसन बनाएर प्रचार गरिने र आफ्ना बारेमा नकारात्मक वा भ्रुठा कुरा रहेछ भने पनि त्यस्ता कुराहरुको भण्डाफोर अभियान संचालन गर्ने)

४) सहानुभूति राख्ने र आफ्नो बिरोध गर्ने शक्तिहरु बीच धुर्बिकरण गराउनु । ( त्यस्तो शक्तिहरुको पहिचान गर्ने र हरेक स्तर तह तप्कामा धुर्बिकरणको कार्यक्रमहरु बनाउने)

उपरोक्त नीतिगत कार्यहरु सम्पन्न गर्न कार्यक्रमहरु बनाइने छ तथा उपरोक्त संस्था एवं विभागहरु बैचारिकी रुपमा प्रशिक्षण, अभिमुखीकरण एवं निरन्तर संवादात्मक कार्यक्रम गरिने छ। यसो गर्दा आवश्यक आन्तरिक नेतृत्वहरु भातृ संगठन मार्फत विकास हुनेछ साथै राष्ट्रिय मुक्ति क्रान्ति नेपाल , हाल देशमा रहेको लोकरिभयाइ(पपुलिष्ट) अभियान, पश्चगामी अभियान तथा कथित कम्युनिष्ट र पहिचानवादीहरू भन्दा भिन्न तथा विशिष्ट आन्दोलन रहेको पुष्ठी हुनेछ।

५.७.४ पावार फिल गर्ने

हाम्रो वरिपरि हुनेगरेका अन्याय, असमानता, सिमान्तकरण, बहिस्करण, विभेदीकरण, लाञ्छना र हिंसाको घटनामा चासो त राख्दछौं। तर के यी सबै अवस्था र सबै सामाजिक समस्याहरूका केन्द्रविन्दुमा शक्ति नै रहने तथ्यलाई पहिचान गरेका छौं ? सबै प्रकार अन्याय वा असमानता हुनु,शक्तिको अभिव्यक्ति हुन् वा शक्ति संरचनाका लक्षण हुन्। सत्यता के हो भने मानव सम्बन्धको केन्द्रमा शक्ति रहने गर्दछ र यसले हाम्रो समाजलाई स्वरूप प्रदान गरिरहेको हुन्छ। तसर्थ अभियान्ता या क्रान्तिकारीका रूपमा हामीले व्यक्तिका जीवन परिवर्तन गर्ने वा अन्यायका अवस्थासँग लड्ने प्रयास गर्दा वा राष्ट्रका राज्वको दाबी गर्दा वास्तबमा हामी शक्ति समीकरण परिवर्तन गर्न खोजिरहेका हुन्छौं। हामीले भैँ अरु राजनैतिक शक्तिले पनि मधेसी, जनजाति, दलित, मुस्लिम, पिछडा वर्ग तथा महिला लगायतको उत्थान वा मुक्तिका कुरा गरिरहेका हुन्छन्। उपरोक्त विषयमा पटक पटक आन्दोलन पनि भएकै छ, सम्झौता पनि भएकै छ, विजय जुलुसहरु पनि निस्केकै छन्। तर किन परिवर्तन भएन अथवा मधेश प्रदेश हुँदा पनि मधेसीहरुले अझै किन पावार फिल गर्न सकेन ? कारण के होला ?

उपरोक्त प्रश्नको हल सहज छैन तर त्यति कठिन पनि छैन। अधिकांशत: हामीले शक्तिको प्रत्यक्ष स्वरूप मात्र पहिचान गरेका हुन्छौं, तर परोक्ष र जटिल स्वरूप भने पहिचान गर्नसक्दैनौं। एउटा उदहारण हेरौ जस्तै: महिलाहरूको आर्थिक स्रोतमा पहुँच नहुनाले परिवारमा उनीहरूको आवाज सुनिदैन, वा सामाजिक अवधारणाका कारण छोरालाई प्राथमिकता दिइन्छ र छोरीलाई विभेद गरिन्छ। त्यसैले महिलाका लागि आम्दानीको स्रोत वा लघुवित्त कार्यक्रम आयोजना गर्यो, वा बालिकाको अधिकारका निम्ति सचेतना कार्यक्रम सञ्चालन गर्यो। यी कार्यक्रमले केही सहयोग पुऱ्याएको जानकारी प्राप्त भएतापनि आधारभूत सामाजिक आचरण अझै पनि जस्ताको त्यस्तै छ। महिलाले आम्दानी त गरिरहेका छन् तर उनीहरूको आय पुरुषहरूकै नियन्त्रणमा छ। यसो किन भइरहेको छ भने, यो केवल लक्षणलाई सम्बोधन गर्यो तर समस्याका मुख्य कारणलाई प्रभाव पार्नसकेन।

यदि प्रभावकारीरूपमा शक्ति सम्बन्ध परिवर्तन गर्नुछ भने शक्तिबारे स्पष्ट र बृहत् बुझाई हुनु जरुरी हुन्छ। यसका लागि शक्तिका विभिन्न स्वरूप र प्रकार, शक्ति संरचना कसरी सिर्जना हुन्छ र बढ्छ, एवं यसले प्रभाव पार्ने विविध स्थानहरूको विन्दुबाट सुरुवात गर्नुपर्छ। सम्पूर्ण आयामहरूमा शक्तिबारे बुझाई हुनसकेमा मात्र माथि उदहारण दिए भैँ लैंगिक वा अन्य समानताका कुरा मिल्नेछ।

शक्तिको सैद्धान्तिक आयाम

क) के हो शक्ति ? - सामाजिक शक्ति भनेको विभिन्न व्यक्ति एवं समूहमा निहित क्षमता हो। जहाँ

ड्ड कसले के गर्छ,
ड्ड कसले के निर्णय लिन्छ र
ड्ड कसले प्रस्ताव तयार गर्छ
ड्ड कसले निर्णय गर्दछ
ड्ड कसले के पाउँछ,

यसले समाजका केही व्यक्ति वा समूहलाई इङ्गित गर्दछ जसमा अन्यको अवसर र कार्य नियन्त्रण गर्ने क्षमता रहेको हुन्छ। शक्तिले स्रोत-साधनमाथि नियन्त्रण गर्छ। जसको स्वामित्वमा भुमी र धेरै पैसा छ ऊ शक्तिशाली हुन्थ्यो, त्यसैले सबैभन्दा पहिले मुलबासी-आदिवासीको भुमि माथि आक्रमण गरियो, किपट, जमिन्दारी खोसियो। तर समयको विकासक्रमसँगै शक्ति यस परिधिभन्दा बाहिरसम्म पनि रहेछ भने बुझेपछि संस्कृति माथि आक्रमण गरियो र सभ्य संस्कृति तथा असभ्य संस्कृतिको भाष्य बनाइयो, खास नागरिक र अन्य नागरिकको भाष्य बनाइयो, मुख्य धारा र समावेश गर्नुपर्ने निरिह समुहको भाष्य बनाइयो। हुन् त शक्ति केवल नियन्त्रणबाट मात्र होइन क्षमताबाट पनि उत्पन्न हुन्छ। अनि क्षमताको शक्ति कसले कहाँ बाट प्राप्त गर्यो चिरफार गरेनौ भने शक्तिको सहि विन्यास गर्न सक्दैनौ।

स्रोत-साधन देखि लिएर समाजमा कसरी अवसर, अधिकार, तथा सुविधाहरूको बाँडफाँड भएको छ, कसले भुमीको स्वामित्व पाएको छ, को पढन पाएको छ, कसले चाँडो रोगको उपचार प्राप्त गर्छ वा गाउँ र शहर बजेट ( कुन सडकको मर्मत गर्ने, कुन स्थानमा चर्पी वा अस्पताल बनाउने) वा मुलुक (राष्ट्रिय कानुन, बजेट विनियोजन) का सन्दर्भमा सर्वोच्च निर्णायक क्षमता जसको छ, शक्ति यिनमै निहित हुन्छ। उत्पादनमूलक कार्य (खाद्यान्न उत्पादन, कारखानामा श्रम) को विभाजनले मात्र शक्ति उत्पन्न हुँदैन भन्ने तथ्य बुझ्नु आवश्यक हुन्छ, यसबाट वस्तु तथा सेवाको उत्पादन त हुन्छ जसले गर्दा आम्दानी हुन्छ तर शक्ति पनि प्राप्त हुन्छ भन्न सकिन्न। अर्थात शक्ति भनेको कलममा छ, त्यो कसको हातामा छ ? शक्ति भनेको बन्दुकमा छ, त्यो कसको हातमा छ ? शक्ति भनेको अर्थ, स्रोत साधनमा छ अनि त्यो कसको हातमा छ ? हामीकहाँ एउटा मनोविज्ञान छ कि कोही सांसद भएको छ वा मन्त्रि भएको छ भने तिमीले के गर्यौ के गरेनौ भन्ने प्रश्न गरिहाल्छौ तर बिर्सन्छौ उसको हातमा कति शक्ति छ भन्ने कुरा ।

के महत्वपूर्ण छ वा छैन, के छलफल गर्न सकिन्छ वा सकिँदैन, के आवश्यक हुन्छ वा हुँदैन भन्ने कुराको निर्णय प्रस्ताव तयार पार्ने व्यक्तिकै हातमा निहित हुन्छ। त्यो व्यक्ति को हो, जसले हाम्रो पाठयक्रम पाठ्य पुस्तक तयार पारेको हो ? त्यो व्यक्ति को हो ? मिडियामा केलाई प्राथमिकता दिने भन्ने निर्णय शक्तिको प्रयोग कसले गर्छ ? यसकै आधारमा विद्यार्थी वा पाठकले एजेण्डाको प्राथमिकीकरण गरिरहेका हुन्छन्। प्रधानमन्त्रीको चीन भ्रमण वा अमेरिका भ्रमण वा ठूलो खेलकुद घटना पहिलो पानामा छापिन्छ भने गरिब कृषकको आत्महत्या वा आदिवासी वा अल्पमत समूहमाथि भएको आक्रमणको सामग्री भित्री पानामा हुन्छ। वास्तवमा भन्ने हो भने यो सञ्चार माध्यममा निहित विषय प्राथमिकीकरण (एजेण्डा सेटिङ) गर्ने शक्ति हो। किन कृषकको आत्महत्या वा कुनै समुदायमाथि भएको हिंसाले पहिलो पानामा स्थान पाएन ? राजनीतिकर्मीको विदेश भ्रमण वा खेलकुदका घटना भन्दा किन यिनीहरू कम महत्वका भए ? कसैले हामीलाई थाहै नदिई हाम्रो चेतनालाई खास स्वरूप दिने काम गरिरहेका हुन्छन्, यसैले गर्दा हामी स्वत: खास विषयलाई प्राथमिकता दिइरहेका हुन्छौं। जोसँग एजेण्डा बनाउने शक्ति निहित छ उसले परोक्ष रूपमा विश्वको सोच तयार गरिरहेको हुन्छ, हामीले के विषयलाई महत्व दिन्छौं भन्ने कुरालाई प्रभावित पार्न, दृष्टिकोण बनाउन वा हामीले दिने प्राथमिकता तयार पार्न त्यस शक्तिले भुमीका खेलिरहेको हुन्छ।

ख) शक्तिले कहाँ काम गर्दछ ? सामाजिक शक्तिले मानिसले भोग्ने जिन्दगीका हरेक विन्दुमा काम गर्दछ।

ड्ड व्यक्तिका बीच
ड्ड सामाजिक समूहका बीच
ड्ड राजनितिक तथा आर्थिक संरचनाहरूका बीच
ड्ड आफैंभित्र

शक्तिले एकै किसिमको पहिचान बोकेका व्यक्तिहरूको समूहका बीच पनि काम गर्दछ। व्यक्ति, साथी, सहकर्मी र श्रीमती-श्रीमान् जस्तो घनिष्ठ सम्बन्ध भित्र र परिवार जस्तो व्यक्तिगत क्षेत्रमा पनि शक्तिले काम गर्दछ। समाजमा विभिन्न सामाजिक समूहका बीच कायम रहेको शक्तिले गर्दा सामाजिक वर्चस्वको प्रणाली, आक्षेप, बहिस्करण, विभेद, द्वन्द र हिंसाको पद्धति सिर्जना गर्दछ। यसले गर्दा कुनै समूह शोषित हुन्छ भने कोही अपहेलित, सामाजिक शक्ति संरचनाले कसैलाई शक्ति, सुविधा र अधिकार प्रदान गर्दछ त कसैलाई बन्देज गर्दछ। एउटै मुलुकको भिन्न-भिन्न क्षेत्रबीच, मुलुकका समूह-समूहबीच, मुलुक-मुलुकबीच वा 'विकसित' तथा 'विकासोन्मुख' मुलुकबीच, 'उत्तर' र 'दक्षिण' बीच, नयाँ सम्बन्धको आयामको आगमनसँगै जस्तै: ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका) राष्ट्रहरूबीच आर्थिक तथा राजनीतिक शक्तिले काम गर्दछ।

शक्ति हामीभित्र अन्तरनिहित छ भन्ने जानकारी हामीलाई छ। राम्रै पदमा रहेर पनि कम्जोर व्यक्ति पनि देखेका छौं र इतिहासमा ठूलठूला शक्तिशाली तत्वको अन्याय र दमनका विरोधमा व्यक्ति एवं समूहले आवाज उठाएको देखिन्छ। हाम्रो परिवारभित्र र वरपर ठूलो बहादुरी र बल प्रयोग गरेका एवं सामाजिक बन्देज र प्रचलनको विरोध गर्दै आफ्नै बाटोमा हिंडेका क्रान्तिकारी पनि हामीले देखेका छौं। यसो गर्न यिनलाई कसैले पनि शक्ति प्रदान गरेका होइनन्, उनीहरूले आफैंभित्र रहेको शक्तिलाई प्रयोग गरेका हुन्। हामी सबैभित्र शक्ति छ, फरक यतिमात्र हो कि हामीले यसको पहिचान वा प्रयोग गरेका हुँदैनौं। तर शक्ति यति मात्र हुँदैन शक्तिका बहुपक्ष हुन्छन्।

ग) शक्ति कहाँबाट उत्पन्न हुन्छ ? द्वन्दवादीहरु शक्तिलाई केवल आर्थिक आयाममा मात्रै हेर्ने गर्छन्। तर सामाजिक शक्ति उत्पन्न गराउने स्रोतहरू केवल आर्थिक स्रोत मात्र होइनन् । अन्य पनि हुन्छन्।

ड्ड भौतिक वा आर्थिक श्रोत
ड्ड मानव श्रोत
ड्ड ज्ञान श्रोत
ड्ड परोक्ष वस्तु(युनिभर्स देखि स्वयं सम्मको संजाल) श्रोत

आर्थिक स्रोतका कारण सामाजिक शक्ति उत्पन्न हुन्छ भन्ने विश्वास सबैमा हाबी रहेको पाइन्छ । तर यो उत्तिकै गलत पनि छ। मानिसको शरीर र श्रम माथिको नियन्त्रण सामाजिक शक्तिको एक प्रमुख स्रोत हो। धेरै शक्तिशाली व्यक्ति र समूहले अरुको श्रममाथि नियन्त्रण गर्छन् र यो शक्ति लैङ्गिकतामा (महिलाको शरीर र श्रममाथि पुरुषको नियन्त्रण), नश्ल, वर्ग, जात, वर्ण, सम्प्रदाय, राष्ट्रियता आदिमा आधारित हुन्छ। वर्ण व्यवस्था अनुसारको जातीय प्रणाली कसले के काम गर्छ भन्नेमा आधारित रहेको थियो, छ। यहाँ काम अनुसारको दाम होइन कि जात अनुसारको दाम अर्थात मूल्य दिइन्थ्यो, दिइन्छ। समाजका लागि अत्यावश्यक काम गर्नेहरूलाई 'अछुत' भनिन्थ्यो। तथाकथित तल्लो जातिलाई अध्ययनको अधिकार पनि थिएन वा किताबमा आफ्नो छायाँ पनि पार्न दिइँदैनथ्यो। यथार्थमा सबै शासन प्रणालीमा शक्ति प्राकृतिक तबरले व्याप्त हुनेचाहिँ नागरिक मै हो, व्यक्तिव्यक्तिमा मान्छेमान्छेमा हो। तर, नागरिकमा व्याप्त भएको शक्ति फरकफरक राजनीतिक प्रणालीले फरकफरक तरिकाले 'प्रोसेसिङ' गर्दछ। फरकफरक तरिकाले व्यूहीकरण र विन्यास गर्दछ।

शक्ति बन्ने मोटिभ मानवीय सम्पदा, संस्कृति र सभ्यता हुन्। जब मान्छेलाई राष्ट्र-निर्माणको केन्द्रमा राखिंदैन, राष्ट्र बन्दैन। नेपाल देश बनेको छ अहिलेसम्म राष्ट्र-निर्माण हुन बाँकी नै छ। अनि राष्ट्र नै नबनिकन समृद्धिको कल्पना कसरी गर्न सकिन्छ। भूगोललाई, जमिनलाई राष्ट्र ठान्ने मनोविज्ञान छ, मान्छे वा मानव समुदायलाई हैन। राष्ट्र हुन भुमि चाहिन्छ तर अझ महत्वपूर्ण कुरा चाही उक्त भुमि प्रति भावनात्मक लगाव भएको मानव हो। समुदाय हो अनि देश एउटै राष्ट्रको पनि हुन् सक्छ, बहुल राष्ट्रको पनि हुन् सक्छ। मुख्य कुरा उक्त देशको समाज कस्तो छ। यस अर्थमा नेपालको शक्तिको श्रोत बहु राष्ट्र हो। समाजको चरित्र बहुल राष्ट्रीय हुने तर राज्य एकल राष्ट्रीय हुँदा शक्ति बन्न नसकेको हो।

एउटा पुरानो भनाइ छ, 'ज्ञान नै शक्ति हो'। आजको युगमा ज्ञान र सूचना शक्तिको अझ महत्वपूर्ण स्रोत मानिएको छ र आर्थिक स्रोतहरूसँग यसले घनिष्ठ सम्बन्ध राख्दछ। शिक्षा वा पेशागत वा प्राविधिक सीप भएका व्यक्तिहरू आर्थिक रूपमा सम्पन्न परिवारबाट नआएतापनि प्रभावशाली एवं शक्तिशाली बन्न सक्दछन्। प्रारम्भिक तहमा पनि एक साक्षर एवं लेखपढ जानेको गरिब व्यक्तिसँग अनपढको भन्दा बढी सामाजिक शक्ति रहेको हुन्छ। तर ज्ञान स्रोत दुइ तरिकाले कब्जामा पारिएको थियो तथा अहिले पनि छ। एउटा पर्याप्त आर्थिक स्रोत भएकाहरूले ज्ञान तथा जानकारीमा अतिरिक्त पहुँच बनाउन सके वा सकिरहेका छन् अर्को ज्ञानको पाठयक्रम नै दास बनाउने खालको रहेको छ।

घ) शक्तिको स्वरूप कस्तो हुन्छ ? हामी सबैले शक्ति देखेका छौं र प्राय: हामी वा अन्यमा यसले प्रभाव पारेको महसुस पनि गरेका छौं। तर, सधैं शक्ति र यसका विविध अवस्थाहरूको सहज पहिचान हुन सक्तैन। प्राय: हामी शक्तिको एक स्वरूप वा मुखचित्र मात्र अनुभव गर्दछौं। वास्तवमा शक्तिका तीन स्वरूप हुन्छन:

ड्ड मूर्त
ड्ड अमूर्त
ड्ड अदृष्य

यदि हामीले समतामूलक समाज एवं सामाजिक न्यायको विकास गर्ने हो भने यी तीन वटै स्वरूपलाई पहिचान गर्न आवश्यक हुन्छ।

मूर्त वा प्रत्यक्ष शक्ति- हामीले निजी जीवन वा सार्वजनिक स्थानहरूमा सधैं महसुस गर्ने वा देख्ने स्वरूप हो। यो हामीसँग निकै परिचित छ र यसलाई हामीले अनुभव पनि गरेका छौं। समाज नियमन र मुलुकका सरकार हाँक्नका लागि मानिसको छनौट, स्रोतमा पहुँच, निर्णयमा पहुँच र नियम तर्जुमामाथि नियन्त्रण गर्ने क्षमता मूर्त शक्ति हो। हाल सम्म यस्तो शक्ति राज्यको राजनीतिमा, प्रहरी, सैनिक र न्यायाधीशको हातमा छ। आर्थिक र सामाजिक रूपले शक्तिशाली व्यक्तिहरू ( उदाहरणका लागि सम्पत्ति, पद, लैङ्गिकता, वर्ण, सम्प्रदाय, वर्ग, नश्ल वा जातका कारण) कै चाहना अनुसार राजनीतिक पद्धति कायम हुन्छ, योजना र बजेट आउँछ, गरिब र आदिवासी जनताको संख्या ठूलै भएतापनि उनीहरूको चाहना प्राथमिकतामा पर्दैन, अरुको दबाबमा कुण्ठित हुनपुग्छ। यसको उत्पत्ति सामाजिक मूल्य-मान्यता र चालचलनले पनि निर्धारित गर्छ। तसर्थ सरकार, प्रहरी, सैनिक वा अदालतजस्ता औपचारिक आधिकारिक संस्थाले भन्दापनि मूर्त शक्तिले कसले केमाथि नियन्त्रण राख्छ भन्ने कुरा निर्धारण गर्छ।

अमुर्त वा अप्रत्यक्ष शक्ति- प्रभावमा हुन्छ तर प्रत्यक्ष देखिँदैन। एजेण्डा बनाउने शक्ति पनि भन्ने गरिएको यस शक्तिले निर्णयमा कसले प्रभाव पार्दछ वा पर्दापछाडि कसले एजेण्डा बनाउँछ, कसको आवाज सुनिन्छ वा विशेष विषयका निम्ति कसको सल्लाह लिइन्छ भन्ने कुरामा निर्भर गर्दछ। सामाजिक परिवर्तनको उचित बाटो पहिल्याउन, सामाजिक परिवर्तन कस्तो हुनुपर्छ भन्ने क्रममा दातृनिकाय, कुटनीतिज्ञ एवं राष्ट्रिय एजेन्टको रुपमा रहेको संघ-संस्थाहरूले अमुर्त शक्ति प्रयोग गर्ने गर्दछन्, र अप्रत्यक्षरूपमा उनीहरूको प्राथमिकता र गतिविधि एवं उनीहरूका कामलाई पनि नियन्त्रण गर्ने गर्दछन्। राष्ट्रिय बजेटमा कति रकम विनियोजन गरिन्छ, कुन कानुनको तर्जुमा हुन्छ र के हटाइन्छ भन्ने कुरामा पनि अमुर्त शक्तिको

क्रमश:...


## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

विश्व परिवेश

# तीन अग्रणी भारतीय नौसेना योद्धा पनडुब्बी, विध्वंसक र फ्रिगेटको शुभारम्भ



बुधवार (१५ जनवरी २०२५) मा मुम्बईको नौसेना डॉकयार्डमा एकसाथ तीन अग्रणी भारतीय नौसेना योद्धा - पनडुब्बी, विध्वंसक र फ्रिगेट -को शुभारम्भ गरियो। प्रधानमन्त्री नरेन्द्र मोदीले भारतीय नौसेना जहाज वाघशीर ( पनडुब्बी), भारतीय नौसेना जहाज सुरत (विध्वंसक) र भारतीय नौसेना जहाज नीलगिरी (फ्रिगेट) राष्ट्रलाई समर्पण गर्दै भारत विश्वको एक महत्वपूर्ण समुद्री शक्ति बन्ने दिशामा उन्मुख रहेको दाबी गरे। उनले थपे, भारत अहिले विश्वव्यापी रूपमा विश्वसनीय र जिम्मेवार साझेदारको रूपमा मानिएको छ, विशेष गरी ग्लोबल साउथमा। तीन प्रमुख नौसैनिक योद्धाको उद्घाटन भारतको रक्षा निर्माण र समुद्री सुरक्षामा एक प्रमुख कदम हो भन्ने रक्षा मन्त्रालयले उल्लेख गरेको छ।

प्रधानमन्त्री मोदीले तीनों प्रमुख प्लेटफर्महरू भारतीय बनेको गर्वलाई पनि महत्व दिए। उनीहरूले मेक इन इन्डिया परियोजनाको नौसेना विस्तारको प्रशंसा गरे र मझगांव डॉकयार्डको महत्त्वलाई उजागर गरे। मेक इन इन्डिया परियोजना भारतीय सशस्त्र बलहरूको क्षमतालाई मात्र थप्दैन, आर्थिक प्रगतिको नयाँ मार्गहरू पनि खोल्दछ।

तीन युक्तिहरूमध्ये केही विशेष उल्लेखनीय छन्:

– १० वर्षको अवधिमा भारतीय नौसेनामा ३३ जहाज र सात पनडुब्बीहरू समर्पित गरिएको छ, जसमा ४० मध्ये ३९ नौसैनिक भलपातहरू भारतीय शिपयार्डमा निर्माण गरिएका छन्। यसमा भारतीय नौसेना जहाज विक्रान्त जहाज र आणविक पनडुब्बीहरू जस्तै भारतीय नौसेना जहाज अरीहत र भारतीय नौसेना जहाज अर्घाट समाविष्ट छन्।

– हाल, ६० ठूलो जहाजहरू निर्माणाधीन छन्, जुन लगभग रु१.५ लाख करोडको अनुमानित लागतमा रहेको छ। यो लगानीसँगै आर्थिक उत्पन्न ~३ लाख करोड पुग्नेछ र रोजगारका क्षेत्रमा ६ गुणा मल्टिपल प्रभाव पर्नेछ।

– जहाज निर्माणमा धेरै पार्टहरू घरेलु एमएसएमईहरूबाट आउँछन्। यदि एउटा जहाज निर्माण गर्न २,००० कामदार लाग्छ भने, यसले अन्य उद्योगहरूमा १२,००० भन्दा बढी रोजगार सिर्जना गर्दछ, विशेषगरी एमएसएमई क्षेत्रमा।

– भारतीय रक्षा उत्पादन रु१.२५ लाख करोडभन्दा माथि पुगिसकेको छ र देशले १०० भन्दा बढी राष्ट्रहरूलाई रक्षा उपकरणहरू निर्यात गरिरहेको छ।

भारतीय नौसेना जहाज वाघशीर, पि ७५ स्कर्पिन परियोजनाको छैटौं र अन्तिम पनडुब्बी हो, जुन भारतीय पनडुब्बी निर्माण क्षमताको वृद्धि र फ्रान्ससँगको सहकार्यको उदाहरण हो।

भारतीय नौसेना जहाज सुरत, पि १५ बि गाइडेड मिसाइल विध्वंसक परियोजनाको चौथो र अन्तिम जहाज हो, जसले विश्वका सबैभन्दा ठूलो र सबैभन्दा उन्नत विध्वंसकहरू मध्ये एकको रूपमा परिचित गराएको छ। यो जहाजमा ७५% स्वदेशी सामग्री छ र अत्याधुनिक हतियार-संवेदक प्याकेज र प्रगतिशील नेटवर्क केन्द्रित क्षमताहरू छन्।

भारतीय नौसेना जहाज नीलगिरी, पि १७ ए स्टेथ फ्रिगेट परियोजनाको पहिलो जहाज हो, जुन भारतीय नौसेनाको युद्धपोत डिजाइन ब्यूरोद्वारा डिजाइन गरिएको हो र उच्च सुरक्षा, समुद्री स्थिरता र स्टेथ क्षमताहरूको साथ अगली पुस्ताको स्वदेशी फ्रिगेटको रूपमा प्रस्तुत गरिएको छ।

-इण्डिया न्यूज नेटवर्क




जिल्ला समाचार

## जनमतका दर्जनौं नेता जसपा नेपालमा प्रवेश

जनकपुरधाम । जनमत पार्टीका केन्द्रीय सदस्य एवं महोत्तरी क्षेत्र न ३ (ख) का प्रदेश सभा प्रत्याशी दिपेन्द्र मधेशीसहित जनमत पार्टीका दर्जनौं युवा नेता कार्यकर्ता जसपा नेपालमा प्रवेश गरेका छन् । आइतबार जनकपुरधामस्थित जसपा नेपालको पार्टी कार्यालयमा आयोजित कार्यक्रममा पूर्व उपप्रधानमन्त्री तथा जसपा नेपालका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादवको विशेष उपस्थितिमा जनमत पार्टीका नेताहरु प्रवेश गरेका हुन् । जनमत पार्टीका युवा नेताहरू सुभाष मिश्रा, लव ठाकुर, बैद प्रकाश यादव, नवीन यादव, गोपाल यादव, राम अनेक यादव, अनिल यादव, राम जनय यादव, प्रशान्त यादव, नरेश यादव लगायत जनमतका नेताहरु जसपा नेपालमा प्रवेश गरी पार्टी सदस्यता लिएका छन् । जसपा नेपालका राष्ट्रिय अध्यक्ष यादवले नव प्रवेशीहरुलाई माला, अबिर, गम्छा लगाएर पार्टीमा स्वागत गराएका थिए ।

## तीन पालिकाका शिक्षा सम्बन्धी परियोजना

कपिलवस्तु । तीन पालिकाका प्राथामिक तहका विद्यार्थीहरुको सिकाई उपलब्धीमा सहयोग गर्नको लागि शिक्षा सम्बन्धी नयां परियोजना सूरुवात हुन लागेको छ । जिल्लाको बुद्धभूमि, कपिलवस्तु नगरपालिका र मायादेवी गाउँपालिकामा नयाँ शैक्षिक सत्र २०८२ को विद्यालय भर्ना अभियानसँग कार्यकम सुरुवात हुन लागेको हो । रुम टु रिडको आर्थिक तथा प्राविधिक सहयोगमा पिस नेपालको आयोजनामा कार्याकम लागु लागेको हो । विशेषगरी छात्रा शिक्षा र साक्षरता कार्यकम मार्फत प्राथिमिक तहमा अध्ययन गर्ने वालवालिकाहरुको सिकाईमा सहजिकरण गर्नको लागि कार्यकम संचालन हुने रुम टु रिड का कार्यकम प्रमुख पवन सिंह  कार्कीले बताए । साथै उनले बालवालिकाको सिकाइको लागि आवश्यक पर्ने पुस्तकालय, शैक्षिक साम्रगीहरु उपलब्ध गराई स्थानीय तहको सहकार्यमा विद्यालय छनौट गरि कार्यकम अगाडी बढाइने बताए । बालमैत्री कक्षाकोठा निर्माण तथा जिवनउपयोगी सिप प्रदान गरिने समेत कार्कीले बताए । सो अवसरमा रुम टि रिड र पिस नेपालका प्रतिनिधीले तिनै पालिकाका प्रमुख तथा शिक्षा शाखासँग परिचयात्मक कार्यकम सम्पन्न गरेको छ । सो अवसरका बुद्धभूमि नगरपालिकाका प्रमुख केशव कुमार श्रेष्ठ, कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेल र मायादेवी गाउँपालिकाका अध्यक्ष वलिउद्धिन मुसलमान लगायतको सहभागिता रहेको थियो । सो अवसरमा पालिका प्रमुखहरुले पालिकासँग सहकार्य गरेर कार्यक्मलाई अगाडी लैजाने प्रतिवद्धता जाहेर गरेका छन् । शिक्षा क्षेत्रमा क्षमता विकास तथा सिकाईलाई गुणस्तरीय बनाउनको लागि  पालिका तथा शिक्षा शाखा र विद्यालयहरु संग सहकार्य गरेर कार्यकम संचालन गरिने पिस नेपालले जनाएको छ ।

## बुहारीको हत्या गरी फरार रहेकी सासु ४ वर्षपछि पक्राउ

राकेश यादव, रौतहट । आफ्नै बुहारीको हत्या गरी फरार रहेकी सासुलाई रौतहट प्रहरीले ४ वर्षपछि पक्राउ गरेको छ । २०७७ साल जेष्ठ ८ गते बुहारीलाइ कुटपिट गरी हत्या गरी फरार भएकी सासुलाई प्रहरीले पक्राउ सार्वजनिक गरेको हो । बुहारी हत्याको आरोप लागेकी स्थानीय गढीमाई नगरपालिका वडा नम्बर २ समनपुर निवासी ६२ वर्षीया सायरा खातूनलाइ प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । गोप्य सुचनाको आधारमा गएको प्रहरीको टोलीले खातूनलाइ पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय रौतहटका सुचना अधिकारीले जानकारी दिएका छन् । जिल्ला प्रहरी कार्यालयले जारी गरेको प्रेस विज्ञप्तिमा हत्याको आरोपमा पक्राउ परेकी ६२ बर्षीया महिलाले आफ्नै छोरा मोहमद इन्ताज चुडिहारको २२ वर्षीया श्रीमती निसनारा खातूनलाई कुटपिट गरी मुखमा कपड़ा कोची कर्तव्य गरी मारी फरार भएको दावी गरिएको छ । प्रहरीको खोजी सूचीमा रहेकी खातूनलाई पक्राउ गरी थप अनुसन्धानको कार्य अगाडी बढाइएको प्रहरी नायव उपरीक्षक दीपक कुमार रायले जनाएका छन् ।

## नेसपाले गठन गऱ्यो वार्ता समिति

जनकपुरधाम । नेपाल सद्भावना पार्टीले विभिन्न राजनीतिक दलसँग वार्ता गर्न तीन सदस्यीय वार्ता समिति गठन गरेको छ । वार्ता समितिको संयोजकमा पार्टीको सहअध्यक्ष कालीपद शर्मा, सदस्यहरुमा उपाध्यक्ष अमरेन्द्र कुमार झा र महासचिव सरस्वती कुमारी झा रहेका छन् । यो समितिले मधेश तथा नेपालभरि छरिएर रहेका विभिन्न राजनीतिक दलहरु तथा विचार मिल्ने विभिन्न शक्तिहरुसँग वार्ता गर्ने राष्ट्रिय अध्यक्ष राम कुमार महतोले बताएका छन् । अध्यक्ष महतोले विगत ३ दशकदेखि मधेश, मधेशी तथा मधेशवादका लागि संघर्षरत नेपाल सद्भावना पार्टीका लागि भइरहेको गठबन्धन, सहकार्य, मोर्चाबन्दी र एकताको प्रयास सराहनीय रहेको साथै नेपाल सद्भावना पार्टी यस कार्यको उच्च प्रशंसा गर्दछ, बताए । अध्यक्ष महतोले यो वार्ता समितिले नेपाललाई एक पटक फेरि पूर्ण समानुपातिक तथा सबैको राज्य बनाउन सबै दलहरुसँग वार्ता गर्न तयार रहने बताए ।

## दुई मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

इमरान खान, कपिलवस्तु । कपिलवस्तु जिल्लामा दुईवटा मोटरसाइकल एकआपसमा ठोक्किँदा  दुई जनाको ज्यान गएको छ भने एक जना गम्भीर घाइते भएका छन् । वाणगंगा नगरपालिका - ११ को भित्री सडकखण्डमा भएको यो दुर्घटनामा एक नेपाली र एक भारतीय नम्बरका मोटरसाइकल एक आपसमा ठोक्किएका थिए । दुर्घटनामा परी मृत्यु हुनेमा लु १० प ४४९६ नम्बरको मोटरसाइकल चालक, रुपन्देहीको सैनामैना -४ निवासी २७ वार्षिय रोमन थारु र युपी ५५ ए एच ७०९० नम्बरको मोटरसाइकल चालक कपिलवस्तु जिल्लाको शुद्धोधन गाँउपालिकाका ३५ वार्षिय नेहामन अलि रहेका छन् । दुबै जनाको उपचारका क्रममा स्थानीय अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी प्रवक्ता डिएसपी मोहनमणि अधिकारीले जानकारी दिएका छन् । यस दुर्घटनामा घाईते भएका २६ वर्षिय अजय थारुको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । घटनाको थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय तौलिहवाले जनाएको छ ।

# काठमाडौंमा मनाइयो विश्व हिन्दी दिवस

काठमाडौं । काठमाडौंस्थित भारतीय राजदूतावासले विश्व हिन्दी दिवस मनाएको छ ।

दूतावास परिसरमा आयोजित विश्व हिन्दी दिवसको अवसरमा प्रतिनिधिसभा सदस्य एवं हिन्दी मंच नेपालका अध्यक्ष मंगल प्रसाद गुप्ता, भाषा आयोगका अध्यक्ष डॉ. गोपाल ठाकुर, नेपाल संगीत र नाटक प्रज्ञा प्रतिष्ठानकी कुलपति निशा शर्मा, भारतीय दूतावास काठमाडौंकी काउंसलर (राजनीति र प्रेस सूचना एवं संस्कृति) गीतांजलि ब्रैंडन र अन्य विशिष्ट अतिथिहरु उपस्थित रहेका थिए ।




काउन्सलर गीताञ्जली ब्रैंडनले विश्व हिन्दी दिवसमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाएकी थिइन् । उनले विश्व हिन्दी दिवस हिन्दी बोल्नेहरुको समृद्ध भाषाई विरासत र सांस्कृतिक पहचानको स्मरण गराएको कुरामा जोड दिएकी थिइन् ।

उनले नेपालका हिन्दीप्रेमीहरु र विद्वानहरुको प्रति पनि हार्दिक आभार व्यक्त गरिन् । साथै उनले हिन्दी भाषाको प्रचार-प्रसारको माध्यमबाट नेपाल र भारतबीच मित्रताको बन्धन मजबूत गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको बताइन् ।

कार्यक्रममा काठमाडौंको कैयौं विद्यालयका छात्रछात्राहरुले हिन्दी कविता पाठ र नाटकहरुम भाग लिएका थिए, जहाँ छात्रछात्राहरुले धेरै गम्भीर विषयहरुमा कविता प्रस्तुत गरेका थिए । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कलाकार पनि सहभागी थिए ।

यस अवसरमा भारत-नेपाल मैत्री कवि सम्मेलन पनि आयोजित गरिएको थियो, जहां प्रतिष्ठित कविहरुले हिन्दी कविता पाठ गरेर स्रोताहरुलाई मन्त्रमुग्ध गरेका थिए ।

विश्व हिन्दी दिवसको आधार पहिलो विश्व हिन्दी सम्मेलन हो, जो १० जनवरी १९७५ को नागपुर, भारतमा आयोजित गरिएको थियो । त्यसैले विश्व हिन्दी दिवसमा प्रत्येक वर्ष १० जनवरीमा विश्वस्तरमा मनाइने गरिन्छ ।

# 'द पब्लिक' सम्पादक तथा प्रकाशक सम्मानित

**काठमाडौं ।** १० जनवरी २०२५ 'विश्व हिन्दी दिवस'को अवसरमा भारतीय राजदूतावास लैनचौर काठमाडौंमा भव्य कार्यक्रमको आयोजना गरिएको थियो ।



कार्यक्रममा 'द पब्लिक'का सम्पादक वीणा सिन्हा तथा प्रकाशक ई.मनोजकुमार वर्मालाई नेपालमा हिन्दी पत्रकारिता र भाषा साहित्यको क्षेत्रमा उत्कृष्ट काम गरेबापत भाषा आयोगका अध्यक्ष डॉ.गोपाल ठाकुर तथा काउन्सिलर गीताञ्जली ब्रान्डनले सम्मान गर्नुभएको थियो । त्यस्तै कार्यक्रममा कविता वाचन र नाटकमा उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयका विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल र भारतका केही कविहरुले कविता वाचन गर्नुभएको थियो ।

त्यस्तै कार्यक्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व हिन्दी दिवसको अवसरमा दिएको सन्देश राजनीतिक तथा पीआईसी प्रमुख काउन्सिलर गीताञ्जली ब्रान्डनले पढेर सुनाउनुभयो । कार्यक्रममा भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी उपकुलपति निशा शर्मा र एमाले पार्टीका सांसद मंगल गुप्ता लगायत धेरै प्रतिष्ठित तथा हिन्दी प्रेमीहरुको उपस्थिति रहेको थियो ।

## मधेशका...

मधेशीका अगुवाहरुले यि समुदायसंग सहकार्य नगरी मात्र दलीय एकता गरी अगाडी बढदा पटक-पटक असफल भइरहेका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'अब मधेशको पूर्ण अधिकार प्राप्तिका लागि पिछडावर्ग (ओबीसी), दलित, मुस्लिम, आदिवासी जनजाति, थारु लगायतका समुदायसँग मिलेर मधेशको अधिकारमा सबैको अपनत्व हुनेगरी कार्ययोजना बनाएर अगाडी बढनुपर्ने र त्यसको लागि अबको संवाद र सहकार्य सबैसंग हुनुपर्ने, सबैको सहभागितामा हुनुपर्छ । हैनभने, सबैले छुट्टाछुट्टै रुपमा अगाडी बढन बाध्य हुन्छन् । त्यसैले सबैको पहिचान र सहभागितालाई स्वीकार गरौं र एकताबद्ध रुपमा अगाडी बढौं ।'

पिछडावर्ग (ओबीसी) भित्र कुशवाहा, कुर्मी, कुम्हार, कहार, केवट, कानु, कमार, कलवार, तेली, नुनिया, बनिया, बरैई, बढैई, भेडिहर, माली, मल्लाह/गोढि/गोडिया, यादव, राजभर, राजधोव, रौनियार, लोहार, लोध, सुडी, सोनार, हजाम, हलुवाई, अमात, केवरत, बिन्न, जोगिया, कलाल, पटनवार, वोट, कथबनिया, कमकर, कशोधन, चनउ, लहेरा/लहेरी, ठठेरी/कशेरा, पटवा, बन्जारा, बेल्दार, नट/नटवा, भुजवा/भुजी, चौहान, मंगता/महाउत, खैराह/गुज्जर, कलाबाज, अरख, राजी आदी जातजातिहरु रहेका छन् ।

## मधेशी...

संजीव नायक (कतार) रहेका छन् । त्यस्तै, कार्यकारी सदस्यहरूमा सञ्जय ज्यामीरे, लालबाबु सिंह, रोशन देव, शिव कुमार महतो, चन्द्रवीर यादव र आदित्य अटल रहेका छन् ।

त्यसैगरी मध्यपूर्व संयोजकमा उद्यमी अभय कुमार ठाकुर (कतार), मध्यपूर्व उपसंयोजकमा धर्मेन्द्र गोहीवार (युएई), अमेरिका संयोजकमा शशीबाबु यादव (टेक्सास), अमेरिका उपसंयोजकमा सुजित कुमार झा (टेक्सास), युरोप संयोजकमा नवीन चौधरी (डेनमार्क), युरोप उपसंयोजकमा डा. भगवान यादव (फिनल्यान्ड), भारत संयोजकमा दीपेन्द्र चौबे (भारत), सूदूरपूर्व संयोजकमा ई. लखिन्दर यादव (जापान), र नेपाल संयोजकमा डा. बबी सिंह (सप्तरी) रहेका छन् ।

यस्तै, मिडिया संयोजकमा अमरेन्द्र यादव, आईटी संयोजकमा उत्तम मिश्र, महिला संयोजकमा जिया चौधरी एवं कला संस्कृति संयोजकमा हरिओम मेहता रहेका छन् ।

मधेशी एकता समाज एउटा प्रमुख अन्तर्राष्ट्रिय संगठन हो, जसले मधेशी समुदायको एकता, अधिकार, सामाजिक न्याय, र सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्दै आइरहेको छ । नेपाल, भारत, अमेरिका, युरोप, मध्यपूर्व र एशिया-प्यासिफिक क्षेत्रमा सक्रिय यस संस्थाले सामाजिक सेवाका साथै अन्तर्राष्ट्रिय मञ्चमा मधेशी समुदायको मुद्दाहरू उठाउँदै आएको छ ।

# द्विपक्षीय व्यापार र आर्थिक सम्बन्धको समस्त क्षेत्रको विस्तृत समीक्षा

काठमाडौं । अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत-नेपाल अन्तरसरकारी समिति (आईजीसी) को बैठक पुस २६-२७ गतेसम्म काठमाडौंमा सम्पन्न भएको छ ।

काठमाडौंस्थित भारतीय राजदूतावास तथा विभिन्न मन्त्रालयका वरिष्ठ अधिकारीहरू सम्मिलित भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारको वाणिज्य मन्त्रालयका वाणिज्य सचिव सुनिल बर्थवालले गरेका थिए । नेपालका विभिन्न मन्त्रालय तथा विभागका प्रतिनिधिहरू सम्मिलित नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकारको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्द बहादुर कार्कीले गरेका थिए ।

व्यापार र लगानी सम्बन्धलाई सुदृढ पार्ने उद्देश्य रहेको यस द्विपक्षीय संयन्त्र आईजीसीको बैठकले द्विपक्षीय व्यापार र आर्थिक सम्बन्धको समस्त क्षेत्रको विस्तृत समीक्षा गरेको हो । दुवै पक्षले पारस्परिक बजार पहुँचका मुद्दाहरू, आईपीआर र कर सम्बन्धी विषयहरुको समीक्षा गरे । एजेन्डामा रक्सौल-वीरगञ्ज रेल लाइनको विद्युतीकरण सहित पारवहन सन्धि र व्यापार सन्धिको समीक्षा, विद्यमान सम्झौताहरूमा प्रस्तावित संशोधन, मापदण्डहरूको समन्वय र व्यापार पूर्वाधारको समक्रमिक विकास सम्बन्धी छलफल पनि समावेश थियो ।

बैठकमा भारतीय पक्षले दुई लाख मेट्रिक टन गहुँ आपूर्तिका लागि नेपालले गरेको अनुरोध स्वीकृत भएको जानकारी गरायो । नेपाललाई अत्यावश्यक वस्तुको आपूर्ति सुनिश्चित गर्न भारतीय पक्षले निरन्तर सहयोग गरेकोमा नेपाली पक्षले धन्यवाद व्यक्त गरेको थियो ।

नेपाली पक्षको अनुरोधमा, भारतीय पक्षले फुलबारी (भारत) रुट हुँदै काँकडभिट्टा (नेपाल)-बंगलाबन्ध (बंगलादेश) मा कार्गो-इन-ट्रान्जिटको हकमा सडक परिवहन तथा राजमार्ग मन्त्रालयको प्रचलित नियमावली अनुसार दुई एक्सल सवारीसाधनका लागि अधिकतम एक्सल तौल १८.५ टन र तीन एक्सेल सवारीसाधनका लागि २८ टनको एक्सल तौल नेपाली सवारीसाधनका हकमा पनि लागु गर्न सकिने कुरामा सहमति जनायो ।

नेपाली पक्षको अनुरोधमा प्रतिक्रिया जनाउँदै भारतीय पक्षले भारतको प्लान्ट क्वारेन्टाइन अर्डरमा सालको बीउ र इस्कुसलाई समावेश गरिएको जानकारी गरायो । प्रशोधित वस्तु (वनस्पति पैदावर) को सूचीमा जटामसी-जरा एक्सट्र्याक्ट, सुगन्धकोकिला बेरी एक्सट्र्याक्ट, सुगन्धवाल राइजोम (मोटो जरा) एक्सट्र्याक्ट र टिमुर बेरी एक्सट्र्याक्टलाई समावेश गर्ने अनुरोधलाई पनि स्वीकार गरिएको छ ।

भारतीय पक्षको अनुरोधमा, नेपाली पक्षले आफ्नो प्राविधिक प्रणालीमा भ्एब्तग्भ र एडीथ्ज्क्ष्भ २८ जस्ता उत्पादनहरूको पुनर्वर्गीकरणसम्बन्धी कागजातहरुको समीक्षा गर्न आफू सकरात्मक रहेको जनायो। भारतीय पक्षले नेपालतर्फ दूध निर्यातमा देखिएका समस्याबारे जानकारी गराएको थियो ।

नेपालमा पर्याप्त मात्रामा उत्पादन नहुने मोही, चीज लगायतका दुग्धजन्य पदार्थका लागि भारतीय पक्षको अनुरोधलाई नेपाली पक्षले सकारात्मक तवरले विचार गर्ने सहमति जनाएको छ ।

बैठकले नयाँ एकीकृत जाँच चौकी र रेलवे लिंकको निर्माण लगायत अन्यमार्फत भारत नेपालबीच निर्बाध अन्तरदेशीय कनेक्टिभिटीलाई सुदृढ पार्ने उद्धेश्यका साथ लिइएका द्विपक्षीय पहलहरूको स्वागत गऱ्यो। दुवै पक्षले समृद्ध द्विपक्षीय व्यापारको साझा दृष्टिकोणलाई प्रतिबिम्बित गर्दै द्विपक्षीय कनेक्टिभिटीलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे। नेपाल र दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र( साफ्टा) सँग अनलाइन कोओ स्वीकृतिबारे छलफलका लागि दुवै पक्षले संयुक्त कार्यदल गठन गर्न सहमति जनाए।

अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी सह-सचिव स्तरीय अन्तर-सरकारी उपसमिति (आइजीएससी) बैठक यसअघि मिति २०८० पौष २७-२८ सम्म काठमाडौंमा भएको थियो।

भारतीय उद्योग परिसंघ (सिआइआइ) र नेपाली उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई) ले मिति २०८१ पुस २७ गते बैठकको साइडलाइनमा संयुक्त व्यापार मञ्चको दोस्रो संस्करणको आयोजना गरेको थियो।

यसको सह-अध्यक्षता भारतीय आयल निगमका निर्देशक (पाइपलाइन, योजना र व्यवसाय विकास) एन. सेन्थल कुमार र नेपाल लगानी बोर्डकी सदस्य भवानी राणाले गर्नुभएको थियो। संयुक्त व्यापार मञ्चले दुवै पक्षका व्यवसायहरूलाई द्विपक्षीय व्यापार र लगानीको सन्दर्भमा व्यापारमा सहजता सुधार गर्न आफ्ना सुझावहरू प्रस्तुत गर्ने अवसर प्रदान गऱ्यो।

भारत नेपालको लागि सबैभन्दा ठूलो व्यापार र लगानी साझेदारको रूपमा रहेको छ, जसले नेपाली आयात र निर्यात दुवैमा उल्लेखनीय योगदान पुऱ्याएको छ। आईजीसीमा हुने छलफलले दुई देशहरू बीचको आर्थिक र व्यावसायिक सम्बन्धलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।


## एमपक्स संक्रमणबाट बचौं र बचाऔं

- विदेशबाट आउने जो कोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरिर सुन्निे, ढाड दुख्ने, मांसपेसी दुख्ने एमपक्स रोगका प्रमुख लक्षण हुन्,
- त्यस्ता लक्षण देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै संक्रामक रोग भएकाले संक्रमण हुनासाथ आइसोलेशनमा बसौं,
- घना बस्ती र सहरी क्षेत्रमा यसको संक्रमण छिटो बढ्ने भएकाले सचेतना बढाऊँ ।

नेपाल सरकार

विज्ञापन बोर्ड






पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००|- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

**हनुमानस्थानचोक, अनामनगर, काठमाडौं**

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं